सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ माघ २०८१, शुक्रबार (7 Feb 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २९२ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



अध्यादेश पारित गर्न निर्णायक उपेन्द्र सत्ताको मोलमोलाइमा

अध्यादेशका विषयवस्तु हेरेर निर्णय गर्नुको सट्टा बार्गेनिङ गरेर मधेशमा मुख्यमन्त्री र संघमा मन्त्री लिने दाउ

● **मनीष सुमन**, प्रवक्ता, जसपा नेपाल



प्रधानमन्त्री र कांग्रेस सभापतिसँगको भेटमा अध्यक्षज्यूको सामान्य कुराकानी भएको छ। उहाँहरूले सहयोग मागुभयो। हामीले कार्यदल बनाएका छौं, त्यसले दिने सुझाव र निष्कर्षका आधारमा निर्णय हुन्छ भन्यौं। कार्यदलले सुझाव संसदीय दललाई बुझाएको छ। ६ वटै अध्यादेशबारे विज्ञहरूको राय लिएर सुझाव दिएका छौं। अध्यादेशको कार्यसूची आएपछि संसदीय दलको बैठक बसेर के गर्ने उपयुक्त निर्णय गर्छौं।

शुरोजंग पाण्डे / नयाँ पत्रिका

संसद् अधिवेशन धकेलेर सरकारले ल्याएका विवादास्पद अध्यादेशको विरोधमा प्रतिपक्षी दलहरू मात्रै छैनन्, कतिपय अध्यादेशका व्यवस्थाप्रति सरोकारवालादेखि जनस्तरबाट पनि आलोचना भइरहेको छ। तर, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, नेपाल भने अध्यादेशका विषयवस्तु हेरेर समर्थन वा आलोचना गर्नुको साटो ती अध्यादेश पास गर्न राष्ट्रिय सभामा निर्णायक आफ्ना तीन सांसद देखाएर कांग्रेस-एमालेसँग सत्ताका लागि बार्गेनिङ गरिरहेको छ।

१८ माघमा संसद्मा दर्ता भएका ६ अध्यादेश पास गर्न सत्तारूढ दलसँग प्रतिनिधिसभामा आवश्यक मत पुगे पनि राष्ट्रिय सभामा पुग्दैन। ५९ सदस्यीय राष्ट्रिय सभामा बहुमतका लागि ३० मत चाहिन्छ। तर, कांग्रेस १६, एमाले ११, लोसपा एक गरी सत्तापक्षका २७ सदस्य मात्रै छन्। यो अवस्थामा मृगेन्द्रसिंह यादव, पूजा चौधरी र मोहम्मद खालिद गरी तीन सांसद रहेको जसपा नेपालले साथ दिए सरकारले अध्यादेश पास गर्न सक्छ।

यसैकारण प्रधानमन्त्री एवं एमाले अध्यक्ष

» पृष्ठ ९ मा क्रमशः



राष्ट्रिय सभा अंकगणित

सदस्य संख्या : ५९। बहुमतका लागि आवश्यक : ३०

सत्तापक्ष : २८	विपक्ष : २७
(कांग्रेस : १६, एमाले ११, लोसपा १)	(माओवादी : १८, एकीकृत समाजवादी ८, जनमोर्चा : १)

बाँकी : ४

(जसपा नेपाल : ३ र वामदेव गौतम)

वामदेव गौतमले समर्थन गरे पनि बहुमत पुग्दैन।

जसपा नेपालले साथ दिए मात्रै सत्तापक्षको बहुमत पुग्नेछ।

यसैकारण प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले उपेन्द्रको साथ मागिरहेका छन् भने उपेन्द्रले उनीहरूसँग संघदेखि मधेश प्रदेशसम्म सत्ताको मोलमोलाइ गर्दै छन्। प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिएको जसपा संसद्मा सत्तापक्षीय बेन्चमै रहे पनि सरकारमा छैन। जसपाले अध्यादेश पारित गर्न साथ दिने हो भने संघ सरकारमा उपप्रधानमन्त्रीसहित गृह या स्वास्थ्य मन्त्रालय र मधेशमा मुख्यमन्त्रीको दाबी गरेको छ। उनले प्रधानमन्त्री ओली र सभापति देउवासँग भेटैमा यी सर्त राखेको स्रोतले बतायो। तर, उनको सर्तमा निर्णय हुन नसकेपछि बिहीबार अध्यादेशमाथि संसद्मा छलफल अगाडि बढाउने पूर्वनिर्धारित कार्यसूची सरकारकै अनुरोधमा हटाइएको थियो।

राजनीतिक विश्लेषक कृष्ण पोखरेल भन्छन्-

संसद्को कार्यसूचीबाट अध्यादेश हटाउन सत्तारूढ ब्याक हुनु र जसपाले निर्णय सार्नु बार्गेनिङकै राजनीतिक चरित्र हो



अध्यादेश स्वीकृत भएन भने प्रधानमन्त्रीका लागि ठुलो राजनीतिक संकट हुन्छ। संसद्मा विश्वास गुमेजस्तो हुन्छ। तामझामका साथ ल्याएको अध्यादेश पास भएन भने 'लस अफ फेस' हुन्छ। प्रधानमन्त्रीको यो अप्ठ्यारोको फाइदा जसपाले उठाउन खोजेको देखिन्छ। होइन भने कार्यदलले प्रतिवेदन बुझाइसकेपछि गुण र दोषको आधारमा निर्णय गर्नुपर्नेमा किन होल्ड बस्यो ? सरकार संसद्मा ब्याक हुनु (अध्यादेशमाथिको छलफललाई बिहीबार कार्यसूचीबाट हटाउनु) र जसपाले निर्णय सार्नु बार्गेनिङकै राजनीतिक चरित्र हो।

सरकारकै अनुरोधमा संसद्को कार्यसूचीबाट हटाइयो अध्यादेश

हालै ल्याएका ६ अध्यादेश बिहीबार संसद्को कार्यसूचीबाट हटाइएको छ। अध्यादेशमा गृहकार्य नपुगेको भन्दै सरकारले अनुरोध गरेपछि प्रतिनिधिसभा र राष्ट्रिय सभा बैठकको कार्यसूचीबाट हटाइएको हो। तर, अध्यादेश पास गर्न राष्ट्रिय सभामा सत्तारूढ दलसँग बहुमत नभएका कारण सरकार अप्ठ्यारोमा छ। एमाले र कांग्रेस बहुमत जुटाउन जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवलाई फकाउँदै छन् भने यादव अध्यादेशलाई लिएर सत्ताका लागि बार्गेनिङ गर्दै छन्।

कानुनमन्त्री अजय चौरसियाले सभामुख देवराज घिमिरे र राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाललाई सरकारको तयारी नपुगेको भन्दै अध्यादेशलाई कार्यसूचीमा नराखिदिन अनुरोध गरेका थिए। 'कानुनमन्त्रीज्यूले सहमतिको प्रयास भइरहेको छ। केही समय चाहियो भनेर अनुरोध गर्नुभयो,' संसद् सचिवालयका सहायक प्रवक्ता अनन्त कोइरालाले भने, 'दलीय सहमतिमा कार्यसूचीबाट हटेको हो।' बिहीबार सुरुमा अध्यादेश अस्वीकार प्रस्ताव प्रस्तुत गर्ने, त्यसमा निर्णय गरेपछि मन्त्रीहरूले स्वीकृत गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने र निर्णयार्थ पेस गर्ने कार्यसूची थियो।

■ अन्तरजातीय जोडीमाथि राज्यसंयन्त्रबाटै अत्याचार

नेतृत्व नै मुछिएपछि छानबिन टार्दै गृह र प्रहरी

उच्च प्रहरी अधिकारीको बयान लिँदै मानव अधिकार आयोग



● संसद्मा सरकारलाई खबरदारी-

राज्यबाटै संविधान र मानव अधिकारको उल्लंघन भयो, समाज बिथोल्ने काम गऱ्यो

नवराज मैनाली, कमलराज भट्ट

अन्तरजातीय विवाह गरेका सर्लाहीका सत्येन्द्र राम (चमार) र नेहा रौनियारको जोडीलाई छुटाउन र फसाउन गृह प्रशासनबाटै भएको अत्याचारविरुद्ध सडकदेखि संसद्सम्म आवाज उठ्दा पनि सरकारले छानबिनमा चासो देखाएको छैन्। गृहको राजनीतिक नेतृत्व र आइजिपीसहितका उच्च प्रहरी अधिकारीकै निर्देशनमा ज्यादती गरिएकाले छानबिन हुन नसकेको स्रोत बताउँछ।

घुम्न मुम्बई गएका सत्येन्द्र र नेहालाई पक्राउ गर्न प्रहरीले विशेष टोली नै पठाएको थियो। पीडितहरूले मात्रै होइन, यो कुरा त्यहाँ गएका प्रहरीले समेत राष्ट्रिय मानव अधिकार आयोगमा स्वीकार गरिसकेका छन्। तर, प्रहरी

» पृष्ठ ९ मा क्रमशः

■ गृहमन्त्रीले सदनमा भने, 'नेहा र सत्येन्द्रको पूर्ण सुरक्षाको प्रत्याभूति गरिनेछ'

तर, गृह प्रशासनबाटै गरिएका अत्याचारको जवाफ दिनै सकेनन्

विपक्षी दलका नेतासहित सांसदहरूले प्रश्न उठाएपछि गृहमन्त्री रमेश लेखकले बिहीबार प्रतिनिधिसभामा विशेष समय लिएर सत्येन्द्र र नेहादम्पतीको सुरक्षामा सरकार गम्भीर रहेको बताए। घटनामा आफ्नो कुनै संलग्नता नरहेको र भ्रामक समाचार बाहिर आएको दाबी पनि गरे। तर, पीडितहरूमाथि गरिएको ज्यादतीबारे नयाँ पत्रिकाले उजागर गरेका तथ्यहरूको भने जवाफ दिन सकेनन्।



सत्येन्द्र र नेहालाई पक्रिन नेहाको बुबाको खर्चमा भारतसम्मै प्रहरीको विशेष टोली खटाएको, प्रहरीले उनीहरूमाथि कुटपिट गरेको, काठमाडौं टीकाथलीको डेराबाट महत्त्वपूर्ण कागजपत्र र गरगहना लुटेको तथा उनीहरूको सम्बन्ध छुटाउन नेहाका बुबासँग गृहमन्त्री रमेश लेखकले भेट गरेको स्वयं पीडित जोडीले बताएका छन्। त्यस्तै, उनीहरूले विवाह दर्ता गरिसकेपछि प्रहरीले बहुविवाहको मुद्दा अदालतमा लगेको थियो। तर, यी विषयको जवाफ दिन नसकेर गम्भीर मुद्दालाई सामान्यीकरण गर्दै गृहमन्त्री लेखकले आफू जातीय विभेदको विपक्षमा रहेको स्पष्टीकरण र उक्त जोडीको सुरक्षामा सरकार प्रतिबद्ध रहेको आश्वासन मात्रै दिएर पन्छिए। 'नेहा र सत्येन्द्रको पूर्ण सुरक्षाको प्रत्याभूति गरिनेछ, उहाँहरूको जीवनमा कुनै प्रतिकूल प्रभाव पर्न दिइनेछैन,' मन्त्री लेखकको भनाइ थियो, 'सरकारले सम्पूर्ण रूपमा संरक्षण गर्नेछ भन्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।'

■ चितवन अदालतले रविसँग माग्यो ५४ लाख धरौटी

लालपुर्जा र चेक लिएर सडकमा आए समर्थक



नयाँ पत्रिका

साहारा सहकारी मुद्दामा चितवन जिल्ला अदालतले रास्वपा सभापति रवि लामिछानेसँग ५४ लाख धरौटी मागेपछि उनका समर्थक घरजग्गाको लालपुर्जा र खाली चेक बोकेर सडकमा आएका छन्। अदालतपरिसरभन्दा केही पर उनीहरूले हातमा लालपुर्जा र चेक देखाउँदै 'नडराऊ रवि दाइ, पुर्जा हाम्रो हातमा छ' भन्दै नारा लगाएका हुन्।

सडकमा उपस्थितमध्येका भरतपुरनिवासी

» पृष्ठ ९ मा क्रमशः

■ धरौटीमा छुटेपछि रविको सम्बोधन

परिवर्तन जन्मिने वेलाको पीडा हो यो



चितवन भनेको देवभूमि हो। देवता बस्ने ठाउँ हो र देवताजस्ता मान्छे बस्ने ठाउँ हो। त्यसकारण यसले मलाई होइन, देशलाई न्याय गर्छ भन्ने कुरामा म विश्वस्त छु। यो ठाउँले परिवर्तनका लागि उद्घोष गरिसकेको छ। अघिल्लो निर्वाचनमै देशमा परिवर्तन चाहियो भनेर चितवनले सुरुवात गरेको हो। सुरुवात चितवनले गऱ्यो, यो देशव्यापी हुन्छ। परिवर्तन जन्मँदै छ। आमाहरूलाई थाहा छ- प्रसव पीडा भनेको के हो ? परिवर्तन जन्मिने वेलाको पीडा हो, त्यसकारण हामीले रुनुपरेको हो। परिवर्तन जन्मिएपै छाड्छ।

संसद्मा सत्तापक्षलाई प्रचण्डका प्रश्नैप्रश्न



प्रधानमन्त्रीको जस्तै कांग्रेसलाई पनि प्रश्नमुक्त र विवेकमुक्त नेपाल चाहिएको हो ?

भ्रष्टाचारका काण्डहरूको छानबिन कहाँ पुग्यो ?

अरू वेला संसद्मा दुईतिहाइको घमन्ड सुन्नुपर्ने। बलियो सरकारको अहंकार सुन्नुपर्ने। अनि शासनचाहिँ अध्यादेशहरूबाट चलाउने ?

(विस्तृत पृष्ठ ३)



मानव अंग प्रत्यारोपण केन्द्रमा ३२औँ सफल कलेजो प्रत्यारोपण

भक्तपुर/ सहिद धर्मभक्त राष्ट्रिय मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुरले ३२औँ कलेजो प्रत्यारोपण सफल रूपमा गरेको छ। कलेजो प्रत्यारोपण गरिएका ललितपुर गोदावरी नगरपालिकाका ५६ वर्षीय व्यक्ति उपचारपश्चात् आज घर फर्किएका छन्। उनलाई ४१ वर्षीया श्रीमतीले आधा कलेजो दान गरेकी थिइन्। अंगदाता सातौँ दिनमा र ग्रहणकर्ता नवौँ दिनमा डिस्चार्ज भएका हुन्। शल्य चिकित्सक डा. पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा भएको उक्त प्रत्यारोपणमा डा. रोशन घिमिरे, डा. आरती राईको एनेस्थेसिया एन्ड क्रिटिकल केयर टोली, डा. बादल महर्जन, नर्सिङ निर्देशक पूजा कोइराला नेतृत्वको नर्सिङ टोली, ट्रान्सप्लान्ट को-अर्डिनेटर सरु कोजू तथा अन्य प्राविधिक र प्रशासनिक कर्मचारी संलग्न थिए। टोलीले १५ माघमा कलेजो प्रत्यारोपण गरेको हो। देशमै पहिलोपटक कलेजो प्रत्यारोपण सुरु गरेको स्वास्थ्य मन्त्रालयअन्तर्गतको यस केन्द्रले स्थापनाको १२ वर्ष अवधिभित्रै उक्त सेवालाई सम्भवतः संसारकै सबैभन्दा न्यूनतम शुल्क (१५-२० लाख)मा निरन्तरना दिँदै आएको छ।

कमलपोखरीस्थित सानदार म:म सेन्टरमा ग्यास सिलिन्डर विस्फोट

११ जना घाइते, दुईको अवस्था गम्भीर



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

नयाँ पत्रिका

कमलपोखरीस्थित सानदार म:म सेन्टरमा ग्यास सिलिन्डर विस्फोट हुँदा ११ जना मजदुर घाइते भएका छन्, जसमध्ये दुईजनाको अवस्था गम्भीर रहेको प्रहरीको भनाइ छ। उनीहरूको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचार भइरहेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार बिहीबार बिहान ८:५० मा ग्यास लिक भई आगलागीसँगै अर्को सिलिन्डर विस्फोट भएको थियो। बिहीबार बिहान म:म सेन्टरका मजदुर नियमित काममा खटिइरहेका बेला सिलिन्डर एक ठाउँबाट अर्को ठाउँमा सार्दा अचानक ग्यास लिक भई आगलागी भएको हो। सोही आगोका कारण विस्फोट भएको प्रहरीको भनाइ छ।

काठमाडौं परिसरका प्रवक्ता एसपी अपिल बोहराका अनुसार सिलिन्डर विस्फोट हुँदा ११ जना घाइते भएका हुन्। घाइते सबैको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचार भइरहेको छ। घाइतेमध्ये दुईजनाको अवस्था गम्भीर छ। उनले भने, 'अचानक ग्यास सिलिन्डर विस्फोट भयो। विस्फोट र आगलागीमा परेर ११ घाइते भए, जसमध्ये दुईजनाको अस्था गम्भीर छ।'

प्रहरीका अनुसार घाइते हुनेमा चितवनका १८ वर्षीय रोशन लामा थिङ, मोरङका १८ वर्षीय मनीष पोखरेल, उदयपुरका २० वर्षीय यसकुमार घले, उदयपुरका २२ वर्षीय प्रजित लामा, काभ्रेका २५ वर्षीय छिरिङ लामा, उदयपुरका २१ वर्षीय धनबहादुर तामाङ, ललितपुरका १९ वर्षीय आयुस मगर, उदयपुरका २४ वर्षीय सन्जोग मगर, उदयपुरके २५ वर्षीय नवीन मगर, हेटौँडाका १८ वर्षीय सुविन राई र १९ वर्षीय विरस मगर रहेका छन्।

'फुड सप्लिमेन्ट' नियन्त्रण गर्न खोजेको भन्दै आपत्ति

काठमाडौं/ स्वास्थ्य मन्त्रालय र औषधि व्यवस्था विभागले आहारपूरक फुड सप्लिमेन्ट बजारीकरणमा नियन्त्रण गर्न खोजेको भन्दै नेपाल खाद्य, न्युट्रास्युटिकल तथा कस्मसयुटिक संघ (फ्यानकन)ले आपत्ति जनाएको छ। विभागले फार्मेसीहरूमा न्युट्रास्युटिकल फुड सप्लिमेन्ट बिक्री-वितरणमा रोक लगाएको र बलमिच्याइँ गरेको संघका अध्यक्ष सुरेन्द्र मानन्धरले बताए। 'हामीले उत्पादन र सप्लाई गर्ने फुड सप्लिमेन्ट औषधि पसलमा पनि बिक्री-वितरण गर्न पाउनुपर्छ भनेका छौँ, तर विभाग र मन्त्रालयले प्रतिशोधको भावनाले हेरेको छ, संसारमा कहीँ पनि यस्तो नियम छैन,' बिहीबार आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'हामीले बिक्री-वितरण गर्ने वस्तु पनि स्वास्थ्यसँगै जोडिएको र अत्यावश्यक वस्तु हो।'

मानन्धरका अनुसार खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले न्युट्रास्युटिकललाई आहारपूरक सामग्रीका रूपमा दर्ता गरी बिक्री-वितरण अनुमति दिएको छ। तर, स्वास्थ्य मन्त्रालयअन्तर्गतको औषधि व्यवस्था विभागले आर्थिक क्षति हुने र करोडौँको लगानी डुब्ने गरी नियन्त्रण गर्न लागेको भन्दै मानन्धरले आपत्ति जनाए। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले यस्ता आहारपूरक न्युट्रास्युटिकल फुड सप्लिमेन्टलाई 'आल्हारपूरक डायटरी सप्लिमेन्ट कार्यविधि, २०७२' मा समेटेको छ। जसअनुसार खाद्यले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्दै चेकजाँच गरी दर्ता गर्ने, आयात इजाजत दिने र नियमन गर्ने गरेको छ। स्वास्थ्य मन्त्रालयले त्यस्ता फुड सप्लिमेन्टलाई भिटामिनजन्य औषधिका रूपमा लिने गरेका कारण पनि विवाद बढेको हो। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले खाद्य विभागमा दर्ता गरेर फुड सप्लिमेन्टको नाममा औषधि बेच्न नपाइने बताए। 'उहाँहरूलाई नियन्त्रण गर्न खोजेका होइनौँ, तर खाद्यमा दर्ता भएर औषधि बेच्न पाइँदैन,' उनले भने।

स्कुटर हरायो

मिति २०८१/१०/२२ गते राति अ. २० :३० देखि ३:०० बजेको समयमा काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा.-८, भंगाल स्थित केदारनाथ मन्दिर अगाडी पार्किङ गरी राखेको मेरो निम्न व्यहोरा भएको खरानी रंगको 109 CC को Dio स्कुटर हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम: समिता तामाङ
मो.सा.नं.: प्रदेश ३-०२-०१४ प ५०४२
चेसिस नं.: ME4JF39LCK8002533
इन्जिन नं.: JF39E85006048
सम्पर्क न.: 9843383241

रक्त सञ्चार र वीरबिच सम्झौता

काठमाडौं/ नेपाल रेडक्रस केन्द्रीय रक्त सञ्चार सेवा र वीर अस्पतालबिच रगतको उपलब्धताका सम्बन्धमा सम्झौता भएको छ। केन्द्रीय रक्त सञ्चार सेवा प्रदर्शनीमार्गमा सञ्चालनमा आएपछि छिमेकी संस्था वीर अस्पतालको बढ्दो मानव रगत र रक्तकोषको आवश्यकता पूर्ति गर्न टेवा पुग्ने गरी बिहीबार दुई संस्थाबिच सम्झौता भएको हो।

Reliable Life INSURANCE LTD. ...Reliable Forever

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड
Reliable Nepal Life Insurance Limited

Gyaneshwor, Kathmandu
014523618, 4523630, E-mail: info@reliablelife.com.np
Website : www.reliablelife.com.np

Quarterly Financial Results for Second Quarter, F.Y. 2081/82 B.S

CONDENSED CONSOLIDATED STATEMENT OF FINANCIAL POSITION
(For the Quarter ended Paush 29, 2081)
Fig in NPR.

Particulars	Group		Insurance	
	Unaudited	Unaudited	Unaudited	Unaudited
	At the end of this Quarter	At the end of Immediate Previous Year	At the end of this Quarter	At the end of Immediate Previous Year
Assets:				
Goodwill & Intangible Assets	2,207,165	2,628,585	1,880,471	2,262,342
Property and Equipment	145,525,815	131,621,401	139,160,881	124,480,183.76
Investment Properties	-	-	-	-
Deferred Tax Assets	4,982,707	12,681,951	-	7,200,263
Investment in Subsidiaries	-	-	200,000,000	200,000,000
Investment in Associates	-	-	-	-
Investments	18,059,023,342	16,397,330,028	17,871,141,058	16,211,531,915
Loans	519,789,605	461,788,612	519,789,605	461,788,612
Reinsurance Assets	370,212	-	370,212	-
Current Tax Assets	394,738,015	337,605,386	391,219,803	336,107,697
Insurance Receivables	1,437,266	1,392,626	1,437,266	1,392,626
Other Assets	29,860,192	34,395,201	29,860,192	34,369,740
Other Financial Assets	264,552,228	227,258,652	264,015,270	226,403,293.94
Cash and Cash Equivalent	314,279,799	286,861,101	303,889,802	286,657,632
Total Assets	**19,736,766,345**	**17,893,563,544**	**19,722,764,560**	**17,892,194,305**
Equity:				
Share Capital	4,640,000,000	4,640,000,000	4,640,000,000	4,640,000,000
Share Application Money Pending Allotment	-	-		-
Share Premium	1,750,392,038	1,750,392,038	1,750,392,038	1,750,392,038
Catastrophe Reserves	198,530,280	163,245,414	198,530,280	163,245,414
Retained Earnings	1,048,365,427	729,592,952	1,044,783,328	741,259,049
Other Equity	99,595,988	75,403,119	99,240,168	75,063,378
Total Equity	**7,736,883,733**	**7,358,633,523**	**7,732,945,814**	**7,369,959,880**
Liabilities:				
Provisions	44,059,591	41,928,711	44,059,591	41,928,711
Gross Insurance Contract Liabilities	11,631,792,516	10,052,412,740	11,631,792,516	10,052,412,740
Deferred Tax Liabilities	9,658,519	-	9,658,519	
Insurance Payable	68,985,836	21,795,929	68,985,836	21,795,929
Current Tax Liabilities	-	-	-	-
Borrowings	-	-	-	-
Other Liabilities	86,471,556	38,834,607	86,471,556	38,521,182
Other Financial Liabilities	158,914,594	379,958,035	148,850,728	367,575,864
Total Liabilities	**11,999,882,612**	**10,534,930,021**	**11,989,818,746**	**10,522,234,425**
Total Equity and Liabilities	**19,736,766,345**	**17,893,563,544**	**19,722,764,560**	**17,892,194,305**

OTHER INDICATORS

Particulars	Current Year	Previous Year
	Upto this Quarter (YTD)	Upto this Quarter (YTD)
1. Total inforce Policies count	2,482,206	3,299,632
2. Total number of policies issued during the period	142,570	245,920
3. First Year Premium (including Single Premium)	732,082,834	644,535,582
4. Single Premium	118,065,350	23,272,766
5. Renewal Premium	1,652,930,370	1,287,995,464
6. Total Benefits and Claims Paid in Count	1,958	1,545
7. Outstanding Benefits and Claims in Count	335	301
8. Gross Claim Outstanding (Amount)	47,294,869	45,253,855
9. Declared Bonus rate (Mention the period)	20 to 75 (2079-80)	20 to 75 (2079-80)
10. Interim bonus rate	-	-
11. Long Term Investments (Amount)	16,296,330,662	13,820,591,639
12. Short Term Investments (Amount)	2,294,600,000	1,375,400,000
13. Policyholders Loan	460,353,005	354,774,885
14. Investment in Cost Value	18,500,160,472	16,879,868,890
15. Life Insurance Fund including UPR (Amount)	11,532,299,569	8,492,706,261
16. Unearned Premium Reserve For Term Policies (Amount)	536,347,372	521,682,274
17. Solvency Margin Ratio	1.84	1.84

* The detailed interim report has been published in the website- www.reliablelife.com.np.

Disclosure as per Section 84(3) of Insurance Act, 2079
1. The company has maintained solvency ratio of 1.84 for the Fiscal Year 2079/80. (Approved by Nepal Insurance Authority)
2. The company has made adequate reinsurance arrangement to cover the risk from the class of its business.
3. There is no any legal proceeding by or against the company.
4. The company has complied with the corporate governance Directive issued by Nepal Insurance Authority.
5. The expense of company is within the expense ratio prescribed by Nepal Insurance Authority.

Disclosure as required by Securities Registration and Issue Regulations, 2073
(Related to sub-rule (1) of Rule 26

1. Financial Statements:

a) Statements related to Financial Position and Profit or Loss have been published along with this. Transactions with related parties:
a. Group comprises of Reliable Nepal Life Insurance Ltd. (Company), Reliable Investment and Merchant Capital Ltd. (Subsidiary).
b. No intra-group transactions.

b) Key Financial Indicators:

Earnings per Share Rs.	15.10	Market Price per Share Rs.	509
Price Earnings Ratio	33.70	Return on Total Assets	3.55%
Net Worth per Share Rs.	166.66	Total Assets per share	425.06

2. Management Analysis:

a) Details relating to the change in the Company's Premium, income and liquidity in the quarter and its main reason:
Company has been able to earn Net Profits of Rs. 35.04 crores. There are 335 outstanding claims which are on the process of decision. Investment has increase by 10.18% which indicated for sustainability of the company.

b) Management's analytical details regarding future business plan:
Besides various financial constraints in Nepalese Financial Market management is satisfied with current financial performance.

c) Analytical details of the incidents that may have major impact on reserves, profit or cash flow (if any), based on previous experience:
Current adverse economic situation has had adverse effect on new business growth however increase in investment portfolio will help for profitability.

3. Statement related to legal proceedings:

a) Case filed by or against the Company in this quarter:
There have been no legal cases except the cases which are related to dispute of claim and fraudulent by the employee.

b) Case relating to disobedience of prevailing law or commission of criminal offence filed by or against the promoter or director of the Company:
No such information has been received.

c) Case relating to commission of financial crime filed against any promoter or director of the Company:
No such information has been received.

4. Statements related to Share Transactions:

a) Management view on the transactions of the shares of the Company in the share market:
Company's share was started for trading from 17th of September 2023 and movements in the share price are determined by the open market principles. Hence, management has neutral opinion regarding the share price movements.

b) Maximum, minimum and closing share price, total transaction days and total transacted number of shares in the quarter:

Maximum Price (Rs.)	612	Minimum Price (Rs.)	390
Closing Price (Rs.)	509	Total Transaction Days	55
No. of Share Transactions	1978672		

Problem and Challenges:

Internal Problems and Challenges:
- Challenge to manage Operational Risk with the increase in business volume
- Challenge of Human Resources
- Limitation of Investment scope
- Additional claim Liabilities due to Disaster.

External Problems and Challenges:
- Cut throat completion between Life insurance Companies
- Interest rate risk
- Reduce income level of general people.

Company's Strategy to mitigate problems and challenges:
- Expanding business activities with caution observing the changes in internal and external environment
- Providing trainings to staff to enhance skills and abilities
- Introducing new products and services considering the interest of the customers
- Effective risk management, monitoring and controlling on various risk

6. Corporate Governance
Company has been meticulously following the laws in force, directions issued by regulatory authorities Nepal Insurance Authority, Securities Board, Company Registrar office. Company has created Compliance Department, Internal Audit Department and Risk Management Department to perform their responsibilities in an independent manner. Risk Management Department and Internal Audit Department have also been working to mitigate the risks arising from the business activities of the Company. Risk Management Sub-Committee and Audit Committee of Board review the work of Risk Management Department and Internal Audit Department respectively and provide guidelines.

7. CEO's declaration regarding truth and fairness
I, CEO, take responsibility for the truth and fairness of the information and statements in this report till date. Besides, I declare that, to the extent of my knowledge and belief, the statements are true and fair and any information necessary for investors to take informed decisions has not been suppressed.

CONDENSED CONSOLIDATED STATEMENT OF PROFIT OR LOSS
(For the Quarter ended Paush 29, 2081
Fig in NPR.

Particulars	Group				Insurance			
	Current Year		Corresponding Previous Year		Current Year		Corresponding Previous Year	
	Unaudited	Unaudited	Unaudited	Unaudited	Unaudited	Unaudited	Unaudited	Unaudited
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Income:								
Gross Earned Premiums	1,176,983,997	2,385,013,204	917,383,859	1,932,531,046	1,176,983,997	2,385,013,204	917,383,859	1,932,531,046
Premiums Ceded	-79,595,444	-166,288,062	-98,352,515	-179,913,417	-79,595,444	-166,288,062	-98,352,515	-179,913,417
Net Earned Premiums	**1,097,388,553**	**2,218,725,142**	**819,031,344**	**1,752,617,630**	**1,097,388,553**	**2,218,725,142**	**819,031,344**	**1,752,617,630**
Commission Income	-	-	-	-	-	-	-	-
Other Direct Income	4,434,869	9,319,369	3,280,509	5,605,547	4,434,869	9,319,369	3,280,509	5,605,547
Interest Income on Loan to Policyholders	11,102,109	21,422,820	12,850,366	15,626,734	11,102,109	21,422,820	12,850,366	15,626,734
Income from Investments and Loans	253,269,949	694,073,861	336,549,072	641,601,275	252,377,373	691,928,320	334,016,384	639,068,587
Net Gain/(Loss) on Fair Value Changes	-162,977,793	20,105,699	-	-	-167,818,764	11,930,031	-	-
Net Realised Gains/(Losses)	32,154,817	104,448,965	-778,812	-778,812	32,647,243	95,616,096	-	-
Other Income	1,043,533	2,286,700	550,343	554,965	-275,107	-407,555	27,239	31,861
Total Income	**1,236,416,037**	**3,070,382,555**	**1,171,482,822**	**2,415,227,338**	**1,229,856,275**	**3,048,534,223**	**1,169,205,842**	**2,412,950,358**
Expenses:								
Gross Benefits and Claims Paid	338,834,928	673,291,473	302,593,996	599,495,360	338,834,928	673,291,473	302,593,996	599,495,360
Claims Ceded	-78,635,827	-144,834,304	-74,085,200	-127,620,732	-78,635,827	-144,834,304	-74,085,200	-127,620,732
Gross Change in Contract Liabilities	582,261,140	1,572,761,154	560,159,343	1,165,187,320	582,261,140	1,572,761,154	560,159,309	1,165,187,320
Change in Contract Liabities Ceded to Reinsurers	-	-	-	-	-	-	-	-
Net Benefits and Claims Paid	**842,460,240**	**2,101,218,323**	**788,668,138**	**1,637,061,948**	**842,460,240**	**2,101,218,323**	**788,668,104**	**1,637,061,948**
Commission Expenses	115,803,771	241,353,823	99,374,374	218,639,183	115,803,771	241,353,823	99,374,374	218,639,183
Service Fees	8,827,380	17,887,599	6,880,379	14,493,983	8,827,380	17,887,599	6,880,379	14,493,983
Other Direct expenses	-	-	-	-	-	-	-	-
Employee Benefits Expenses	67,678,837	168,133,271	90,994,366	161,193,943	66,378,160	165,929,462	89,429,900	159,629,477
Depreciation and Amortization Expenses	4,225,086	7,778,620	3,239,086	6,376,246	3,456,608	6,891,287	3,137,160	6,274,320
Impairment Losses	-	-	-	-	-	-	-	-
Other Operating Expenses	85,097,986	165,286,429	72,051,901	147,784,025	83,686,426	162,405,071	70,139,776	145,871,900
Finance Cost	298,234	337,570	-	-	-	-	-	-
Total Expenses	**1,124,391,534**	**2,701,995,634**	**1,061,208,245**	**2,185,549,328**	**1,120,612,584**	**2,695,685,565**	**1,057,629,694**	**2,181,970,811**
Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax	**112,024,503**	**368,386,921**	**110,274,577**	**229,678,010**	**109,243,691**	**352,848,658**	**111,576,148**	**230,979,547**
Share of Net Profit of Associates accounted using Equity Method								
Profit Before Tax	**112,024,503**	**368,386,921**	**110,274,577**	**229,678,010**	**109,243,691**	**352,848,658**	**111,576,148**	**230,979,547**
Income Tax Expenses	-41,757,914	2,458,256			-41,757,914	2,458,256		
Net Profit/(Loss) For The Year	**153,782,417**	**365,928,665**	**110,274,577**	**229,678,010**	**151,001,605**	**350,390,402**	**111,576,148**	**230,979,547**
Earning Per Share								
Basic EPS		15.77		11.48		15.10		11.55
Diluted EPS		15.77		11.48		15.10		11.55

CONDENSED CONSOLIDATED STATEMENT OF OTHER COMPREHENSIVE INCOME
(For the Quarter ended Paush 29, 2081
Fig in NPR.

Particulars	Group				Insurance			
	Current Year		Corresponding Previous Year		Current Year		Corresponding Previous Year	
	Unaudited	Unaudited	Unaudited	Unaudited	Unaudited	Unaudited	Unaudited	Unaudited
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)
Net Profit/(Loss) For The Year	153,782,417	365,928,665	110,274,577	229,678,010	151,001,605	350,390,402	111,576,148	230,979,547
Other Comprehensive Income	55,263,973	49,050,341	-23,421,000	-2,780,286	55,263,973	49,050,341	-27,794,424	-7,153,710
Total Comprehensive Income	**209,046,390**	**414,979,006**	**86,853,577**	**226,897,724**	**206,265,578**	**399,440,743**	**83,781,724**	**223,825,837**

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २०१८ जेठ १५ गते
स्वर्गारोहण: वि.सं. २०८१ माघ १३ गते

स्व. मुरारी प्रसाद दहाल

हाम्रा सहकर्मी श्री मनिष दहालका पूजनीय पिता **मुरारी प्रसाद दहाल**को स्वर्गारोहण भएको आज १३औँ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक
www.sanimabank.com
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४४२८९६९ ईमेल: sanima@sanimabank.com

संसद्मा सत्तापक्षलाई प्रचण्डका प्रश्नैप्रश्न

प्रधानमन्त्रीको जस्तै कांग्रेसलाई पनि प्रश्नमुक्त र विवेकमुक्त नेपाल चाहिएको हो ?

प्रेम गौतम, केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दलका नेता एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संसद् अधिवेशनबाट भागेर सरकारले षड्यन्त्रपूर्ण तरिकाले एकपछि अर्को अध्यादेश ल्याएको भन्दै आपत्ति जनाएका छन् । कार्यपालिकाले नै सबै गर्ने भए व्यवस्थापिका किन चाहियो भन्ने प्रश्न उनले गरेका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकलाई सम्बोधन गर्दै प्रचण्डले भने, 'माघ ८ गते संसद्को बैठक आह्वान गरिएको छ, तर जम्मा ६ दिनअघि दर्जनौं ऐन संशोधन गर्ने गरी पाँच-पाँचवटा अध्यादेश ल्याइएको छ । पछिल्ला ३५ वर्षमा कांग्रेसले १२ पटक प्रधानमन्त्री चलाएछ, एमालेले सातपटक,' उनले भने, '३५ वर्ष शासन गरेपछि आज आएर देशको विकास ६ दिन ढिलो हुने भयो भनेर ल्याउनुभयो त अध्यादेश ।'

रातारात चोरबाटोबाट अध्यादेश ल्याउनुले सरकारको नियत सही नभएको उनले दाबी गरे । 'अरू वेला संसद्मा दुईतिहाइको घमन्ड सुन्नुपर्ने । बलियो सरकारको अहंकार सुन्नुपर्ने । अनि शासनचाहिँ अध्यादेशहरूबाट चलाउने ? यो सार्वभौम संसद्को अपमान र अवहेलना हो । यो केवल हामी विपक्षसँग सरकारको डर मात्र होइन, आफूलाई समर्थन गरेका सत्तापक्षका माननीयमाथि समेत सरकारको अविश्वास हो ।'

संसदीय समितिमा रहेका विधेयकमा खुला छलफलसँग सरकार डराएर अध्यादेश ल्याएको प्रचण्डको जिकिर छ । सदनमा विचाराधीन विधेयक फिर्तासमेत नलिई अध्यादेश ल्याएर स्वार्थ समूहलाई पोस्ने काम सरकारले गरेको उनले बताए । उनले भने, 'संसद्मा विचाराधीन विधेयक फिर्तासमेत नलिई किन ल्याइयो अध्यादेश ? सरकार र संसद्ले चाहँदा फास्ट ट्र्याकबाट विषयगत समिति, प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट १० दिनमै पनि विधेयक पारित गर्न सकिन्छ । देश र जनताका लागि सोचेको भए तपाईंहरू संसदसँग डराउनुहुने थिएन । स्वार्थ समूहहरूलाई पोस्नुपर्ने भएकैले तपाईंहरूले अध्यादेशको चोरबाटो समाउनुभयो । कार्यपालिकाले नै सबै गर्ने भए किन चाहियो त व्यवस्थापिका ?'



● माफियालाई देश बेच्न खोजे प्रतिरोध

प्रचण्डले संसद्को बहुमतको दुरुपयोग गरेर माफियालाई देश बेच्न खोजे प्रतिरोध गर्ने चेतावनी पनि दिए । 'हामी सरकार बनाउनेछौं, तर आफ्नै सामर्थ्यमा । सरकारको खेलमा हामी छैनौं, तर अहिले जसरी नै संसद्को बहुमतको दुरुपयोग गरेर माफियालाई देश बेच्न हिँडिरहनुभयो भने हामी प्रतिरोध गर्छौं,' उनले भने, 'स्थायित्वको गुड्डी हाँकेर बनेको गठबन्धन हो, स्थायित्व होस् । हरेक दिन गनेर आलोपालोको घोषणा गरिरहनुपर्ने गरी विश्वासको यति धेरै संकट राम्रो देखिएन । हामीसँग डराएर हरेक दिन सत्ता हस्तान्तरणको राग गाइरहन पर्दैन ।'

● भूमाफियाको पक्षमा भूमिसम्बन्धी अध्यादेश

प्रचण्डले अहिले जारी भएका अध्यादेशको प्रक्रियामा मात्र नभई नियतमा पनि खोट रहेको दाबी गरे । भूमिसम्बन्धी अध्यादेश भूमाफियाको पक्षमा आएको उनको दाबी छ । अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा भूमिको वर्गीकरण र मूल्यांकनमा रहेको अवैज्ञानिक प्रणाली सच्चाउने, गरिबहरू, ग्रामीण क्षेत्र र कृषिको प्रयोजनमा भएको जग्गाको थोरै शुल्क तिरे हुने र धनी, सहरी क्षेत्रका र आवासको प्रयोजनका लागि दिने जग्गालाई धेरै शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्ने आवश्यकता भए पनि सरकारले संशोधनमार्फत ठिक उल्टो गर्न खोजिरहेको प्रचण्डले दाबी गरे । 'अध्यादेशका केही व्यवस्थाले गिरीबन्धु टी इस्टेटसहित देशभरका हदबन्दीभन्दा धेरैका जग्गाको किनबेच स्वामित्व हस्तान्तरणलाई कानुनी रूप प्रदान गर्न दुरुपयोग गर्न सकिने आधारहरू प्रदान गर्दछ । भूमाफियाहरूको चाहनाअनुरूप किसानको जमिनको भूउपयोग वर्गीकरण मनपरी ढंगले गर्ने र त्यसको परिवर्तन गराउन खोजिएको छ,' प्रचण्डले भने ।

● सरकारको शिरबाटै संस्थागत भ्रष्टाचार

प्रचण्डले आफ्नो नेतृत्वको सरकारले जगाएको सबै आशा वर्तमान सरकारले समाप्त पारेको दाबी गरेका छन् । राष्ट्रिय अर्थतन्त्रको सम्भाव्यता विश्लेषणका आधारमा आर्थिक वृद्धिका प्रमुख संवाहक क्षेत्र पहिचान गरी उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने बजेटको प्रतिबद्धता, एकीकृत आर्थिक करिडोर विकास, डिजिटल अर्थतन्त्रको विस्तार र हरित अर्थतन्त्र निर्माणको प्रतिबद्धताबाट सरकार विचलित भएको उनले आरोप लगाए । दुई वर्षअघि आफू प्रधानमन्त्री हुँदै गर्दा अनियमितता, भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणमा कमजोर भन्दै देश फाइनान्सियल एक्सन टास्कफोर्सको नकारात्मक सूचीमा पर्दै उनले गएको स्मरण गराए ।

● सरकारकै कारण 'ग्रे लिस्ट'को जोखिम

अवैध आर्थिक गतिविधि बढेको, विगतमा गरिएका सुधारका कदम कार्यान्वयन पक्षमा सरकारले बेवास्ता गरेको उनले बताए । त्यसैको परिणामस्वरूप मुलुक ग्रे लिस्टमा पर्ने खतरा आएको उनले आरोप लगाए । 'परिणामस्वरूप आज देश एफएटिएफको ग्रे लिस्टमा पर्ने खतरा छ । देशको अर्थतन्त्रलाई अझ संकटतिर धकेल्ने सरकारको यो क्रियाकलापलाई सदनले रोक्नुपर्छ,' उनले भने । स्रोत-साधनको अधिकतम लाभका पूर्वाधार निर्माण छाडेर सरकारको रोजाइ भ्यु टावरहरू पर्दा प्रतिफल आउन नसकेको उनले औंल्याए ।

● सरकारको निरंकुश सोच

प्रचण्डले सरकारले निरंकुश सोचका साथ सामाजिक सञ्जाल विधेयक ल्याएको आरोप लगाएका छन् । 'अहिलेको सरकारी गठबन्धन बन्दै गर्दा मैले यही सम्मानित रोस्ट्रममा उभिएर चिन्ता जाहेर गरेको थिएँ, पहिलो र दोस्रो दलको सरकार कतै प्रतिगमन र निरंकुशतातिर अग्रसर हुने त होइन ? आज त्यो चिन्ता वास्तविकतामा प्रमाणित भएको छ । राजनीतिक प्रतिशोध र त्यसका लागि राज्यको दुरुपयोग सामान्य हुन थालेको छ,' उनले भने, 'अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रित र संकुचित गर्न खोजिँदै छ । सम्झाइ-बुझाई गरेर पठाउन सकिने घटनामा समेत नागरिकलाई हतकडी लगाएर एउटा जिल्लाबाट अर्को जिल्ला दगुराइँदै छ, कडा-कडा मुद्दा लगाइँदै छ । यो सत्ताको घमन्ड हो कि जनतासँग डर हो ?' पाथीभरा केबलकारको विवादमा जनतामाथि गोली चलाइएकोमा प्रचण्डले आपत्ति जनाए ।

● मिथ्यांकमा रमायो सरकार

सरकार मिथ्यांक र आत्मरतिमा रमाइरहेको भन्दै प्रचण्डले देशको भलो नहुने बताए । 'प्रधानमन्त्रीका रूपमा मैले यो सम्मानित संसद्मा एउटा परम्परा सुरु गरेको थिएँ, रिपोर्ट कार्डको परम्परा । तर, अहिले संसद्मा रिपोर्ट कार्ड होइन, तथ्य होइन, मिथ्या कल्पना र आत्मरति सुनिन थालेको छ । अस्ति हामीले यो संसद्मा सुन्यौं, पछिल्ला नौ वर्षमा बुटवल-पाल्पा सडकखण्डमा ४२ पटक सवारी दुर्घटना भएर धेरैको ज्यान गएको समाचार पढेर प्रधानमन्त्रीजीको आङ सिरिङ्ग भयो,' उनले भने, 'उहाँ भावुक हुनुभयो, अनि उहाँले संकल्प गरेर स्वस्थानीकै शैलीमा सिद्धबाबा सुरुङमार्ग बनाउनुभयो । ०७९ माघमा काम सुरु भएको र अहिलेसम्म जम्मा ४०.१८ प्रतिशतको हाराहारीमा प्रगति भएको सिद्धबाबाको जस पनि ६ महिनाअघिका प्रधानमन्त्रीले लिनुपर्ने ?'

● कांग्रेसको दृष्टिकोणमा प्रश्न

प्रचण्डले सत्तासाझेदार कांग्रेसको राजनीतिक दृष्टिकोणमा पनि प्रश्न उठाएका छन् । 'प्रधानमन्त्री केपी ओलीजी विरोध त परको कुरा, रचनात्मक आलोचना पनि सहन सक्नुहुन्न । यो पटक-पटक प्रमाणित तथ्य हो । उहाँले सक्नुभयो भने सिंगो देशलाई आफ्नो पार्टी एमालेजस्तै प्रश्नमुक्त, आलोचनामुक्त र विवेकमुक्त बनाउन चाहनुहुन्छ । त्यसैले उहाँ अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक र प्रेस स्वतन्त्रतालाई कुल्चन प्रयत्नरत हुनु म अनौठो मान्दिनँ,' प्रचण्डले भने, 'मेरो प्रश्न छ, कांग्रेसलाई । हिजो तपाईंहरू सामाजिक सञ्जाल नियमन विधेयकको विपक्षमा उभिनुभएको थियो । आज कता हुनुहुन्छ ? तपाईंहरू सत्ताका लागि मात्रै सहकार्यमा हुनुहुन्छ कि राजनीतिक दृष्टिकोणमै परिवर्तन आइसकेको हो ? कि कांग्रेसलाई पनि ओलीजीलाई जस्तै प्रश्नमुक्त र विवेकमुक्त नेपाल चाहिएको हो ?'

> **भ्रष्टाचारका काण्डहरूको छानबिन कहाँ पुग्यो ?**
>
> प्रचण्डले आफ्नो नेतृत्वको सरकारले सुरु गरेका भ्रष्टाचारका विभिन्न काण्डको छानबिन अवरुद्ध पारेकोमा आपत्ति जनाए । 'अहिलेका प्रधानमन्त्रीले सार्वजनिक कार्यक्रममै ढुक्कले भनिरहनुभएको छ, प्रचण्ड र रविवाला सरकारले हामीलाई थुन्न खोजेपछि यो सरकार बनाउनुपऱ्यो । मेरो नेतृत्वको सरकार ढलेसँगै जनता प्रस्ट थियो, अब खोजिनेछैन, त्रिभुवन विश्वविद्यालयको जग्गा,' उनले भने, 'अब रोकिनेछ, ललितानिवासको विस्तृत अनुसन्धान र जग्गा फिर्तीको प्रक्रिया । अब अवरुद्ध हुनेछ, भुटानी शरणार्थी प्रकरणको निष्पक्ष अनुसन्धान । अब खोजिनेछैनन्, अतिक्रमण गरिएका सरकारी जमिन । अब सामसुम हुनेछ, भुटानी शरणार्थी प्रकरण । त्यही भयो । त्यही विन्दुबाट जनतामा कांग्रेस-एमाले गठबन्धनप्रति मोहभंग पनि सुरु भयो ।' पछिल्ला सात महिनामा सरकारले जनताको केही पनि आवाज नसुनेको उल्लेख गर्दै उनले आज जनता पनि सरकारलाई नसुन्ने ठाउँमा पुगेको बताए । सरकारी जग्गा हिनामिनाका काण्डहरूको छानबिनबारे पनि प्रचण्डले प्रश्न गरे ।

कांग्रेस सांसदले गरे अध्यादेशको बचाउ

कांग्रेस सांसद डा. प्रकाशशरण महतले सरकारले ल्याएको अध्यादेशको बचाउ गरेका छन् । आर्थिक सुधारमार्फत आर्थिक विकासका लागि कांग्रेस-एमाले गठबन्धन सरकारले प्रयास अगाडि बढाएको उनले बताए । महतले तीव्र गतिमा आर्थिक चुनौतीलाई सामना गर्न सरकारले अध्यादेश ल्याएको बताए । अहिलेको अवस्थामा आर्थिक रूपमा निजी क्षेत्रलाई अगाडि बढाउनुपर्ने, नियमन र प्रतिस्पर्धा सुनिश्चितता गर्नुपर्ने आवश्यकता रहेको उनले बताए । अध्यादेश निजी क्षेत्रको भूमिकालाई आर्थिक रूपमा सहजीकरण गर्न आएको भन्दै बचाउ गरे । पूर्वप्रधानमन्त्री प्रचण्डले विपक्षीको धर्म निर्वाह गर्नकै लागि अध्यादेशको विरोध गरेको दाबी गरे । 'विपक्षी दलको नेताको हैसियतमा उहाँले अध्यादेश गैरसंवैधानिक भयो भन्नुभएको छ । तर, कन्टेन्टका विषयमा हामीबिच असहमति देखिएको छैन । उहाँले पनि कन्टेन्टको विषयमा खासै असहमति जनाउनुभएको छैन । यदि ती अध्यादेशमा उल्लिखित विषयवस्तुमा समस्या छैन भने सरकारले दुरुपयोग गर्ने लक्ष्यका साथ त्यो आयो भन्नुको कुनै औचित्य छैन,' महतले भने ।

प्रतिपक्षले संसद्लाई कुण्ठा मात्र पोख्ने थलो बनाएको एमाले आरोप

एमाले सांसद रघुजी पन्तले प्रमुख प्रतिपक्षी दलका नेता प्रचण्डले अध्यादेशका विषयमा विरोध गरेको, तर उपयुक्त तर्क र कारणसहित अगाडि आउन नसकेको र कुण्ठा मात्र पोखेको भन्दै आपत्ति जनाए । 'संसद् सुरु हुनासाथ रमाइलो देखियो । जनयुद्धको वेलामा जनताको जिउ र धनमा हान्नेहरू र सहकारीको धन खुरुखुरु आफ्नो खातामा तान्नेहरूको ज्याङको ठ्याङ मिलेको आज देखियो,' उनले भने, '६ वटा अध्यादेशमार्फत २९ कानुन संशोधन गरिएको छ । ती संशोधन गरिएको दफामध्ये नेपाली जनताको कुन लोकतान्त्रिक अधिकार हनन भएको हो ? कुन दफाले वाक् स्वतन्त्रता हनन गरेको छ ? कुन दफाले नागरिक अधिकार र नैसर्गिक अधिकार हनन गर्छ कारण दिन सक्नुभएको छैन । संसद् कुण्ठा अभिव्यक्त गर्ने थलो हुनुहुँदैन ।'

गिरीबन्धु र वाइडबडी घोटालामा संसदीय छानबिन समिति बनाउन रास्वपाको माग

रास्वपा सांसद् सोविता गौतमले संसद् सत्ता दुरुपयोगको साक्षी बनेको बताइन् । उनले रास्वपा सभापति रवि लामिछानेमाथिको निलम्बनको विषयमा राजनीतिक लाभ-हानिलाई हेरेर राजनीतिक अस्त्रका रूपमा प्रयोग गरिएको भन्दै संसद्को भूमिकामाथि प्रश्न उठाइन् । गौतमले गिरीबन्धु र वाइडबडी घोटालाको विषयमा संसदीय छानबिन गठनको माग गरिन् । 'यो संसद्ले एउटा नजिर स्थापना गर्न लागेको छ- प्रश्न उठेपछि संसदीय छानबिन समिति बनाउने । जनताले गम्भीर प्रश्न उठाएको गिरीबन्धुको विषयमा, वाइडबडी घोटालाको विषयमा संसदीय छानबिन समिति किन नबनाउने ? तत्कालका लागि यी दुई विषयमा संसदीय छानबिन समितिको गठनको माग गर्दछौं ।'

देउवाको गृहजिल्लामा पुल बनाइदिन ओलीसँग वर्षमानको माग

माओवादी उपमहासचिव वर्षमान पुनले कांग्रेस सभापति शेरबहादुर देउवाको गृहजिल्ला डडेल्धुराको रंगुन नदीमाथि पुल बनाइदिन माग गरे । उनले आफू अर्थमन्त्री भएका चालू आर्थिक वर्षको बजेटमा रंगुन नदीमा पुल निर्माणका लागि रकम छुट्याए पनि वर्तमान सरकारले ठेक्का प्रक्रिया रोकेर राखेका कारण पुन बन्न नसकेको बताए । 'म डडेल्धुरा पुगेर फर्किएँ । त्यहाँ ठुलो रंगुन नदी रहेछ । त्यसमा यस वर्ष पुल बनाउन बजेट विनियोजन भएको रहेछ । तर, सरकारले ठेक्का लगाइराखेको छैन । अरू जिल्लामा पनि त्यस्तै छ । ठेक्कापट्टाका लागि आवश्यक स्रोत जुटाएर डडेल्धुराको रंगुन नदीको पुल यसै वर्ष निर्माण होस्,' उनले भने । आफूले बजेट बनाउँदा प्रतिनिधिसभाका २७५ जना र राष्ट्रिय सभाका ५९ जना सांसदको सिफारिसका योजनामा देशैभर सडक, पुल र खानेपानीका योजनामा बजेट छुट्याएको भए पनि अहिलेको सरकारले टुक्के आयोजनाको नाममा ठेक्का नलगाएको भन्दै पुनले असन्तुष्टि जनाए ।

सूचना प्रविधिको एउटै ठेक्कामा तीन करोड आठ लाख घुस

अमेरिकाको बैंक खातामा घुस लिने सुनील पौडेल र ठेक्कामा जोडिएका भारतीय नागरिक दीपकविरुद्ध विदेशी अदालतमा मुद्दा दायर

सुवास भट्ट/नयाँ पत्रिका

सूचना प्रविधिको एउटै ठेक्कामा तीन करोड आठ लाख रुपैयाँ घुस लेनदेन भएको भेटिएको छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनील पौडेलले ठेक्का लगाउँदा घुसबापत तीन करोड आठ लाख ५० हजार चार सय रुपैयाँ घुस लिएका हुन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार पौडेलसहित ठेक्कामा जोडिएर घुस दिने व्यक्ति भारतीय नागरिक दीपक आनन्दलाई समेत प्रतिवादी कायम गरेर विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।



सुनील पौडेल

केन्द्रका कार्यकारी निर्देशक पौडेल र नेपालका लागि एफ ५ कम्पनीका प्रतिनिधि दीपकको आपसी मिलेमतोमा केन्द्रलाई आवश्यक सुरक्षण उपकरणको आपूर्ति, ढुवानी र जडान तथा नेटवर्क उपकरणको ठेक्कामा घुस लेनदेन भएको हो । यो ठेक्का आव ०७४/७५ मा लगाइएको थियो । सुनील हाल भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट ठहर भएर जेलमा छन् । सुनील पौडेल आफैंले मूल्य तोकी तीनवटा कोटेसन लिएर लागत अनुमान तयार गरेको देखिएको छ । खरिद प्रक्रिया अघि बनाउने क्रममा उनले दीपकसँग 'ह्वाट्सएप'मा लामो कुराकानी गरेको प्रमाण अख्तियारले आरोपपत्रमा पेस गरेको छ । १३ चैत ०७४ अर्थात् २७ मार्च २०१८ मा ह्वाट्सएपमा भएको कुराकानीमा सुनीलले लागत अनुमानको आधारका रूपमा तीनवटा कम्पनीको कोटेसन दीपकसँग माग्छन् । दीपकले सहमति जनाउँदै 'हुन्छ' र 'गर्छु' को जवाफ दिएका छन् । त्यसको भोलिपल्ट दीपकले कोटेसनमा काम गर्दै गरेको र ठिक छ कि सुनिश्चित गर्नुहोला भनी नौ वस्तुको विवरण तालिकासमेत सुनील पौडेललाई सन्देश पठाएका थिए ।

नौ वस्तु एफ ५, इन्स्टासेफ र सिस्को कम्पनीको हुने गरी 'बिल अफ मेटेरियल' दीपकले सुनीललाई पठाउँछन् । ती वस्तुको कुल मूल्य १२ लाख ५० हजार अमेरिकी डलर छ । पौडेलले ठेक्काको लागत १२ लाख अमेरिकी डलर बनाउन डिएनएस फायरवालको मूल्य एक लाख ७५ हजार डलरभन्दा माथि बढाउने र स्विच तथा राउटरको लागत घटाउनुपर्छ भन्ने व्यहोराको सन्देश पठाएको देखिएको छ । सुनीलको आग्रहबमोजिम अब दीपकले तिनै वस्तुको मूल्य हेरफेर गरी वस्तु र मूल्य तालिकाको विवरण पठाउँछन् । सुरु चरणको खरिद प्रक्रियाअन्तर्गत पूर्वनिर्धारित दरेटमा लागत अनुमान तयार गर्ने गरी पौडेलले दीपकबाट तीनवटा कम्पनी इन्स्टासेफ टेक्नोलोजिज प्रालि बैंग्लोर, एक्स्क्लुसिभ नेटवर्कस् एसिया प्रालि सिंगापुर र टेकडाटा सिंगापुरको कोटेसन लिएका थिए । १५ चैत ०७४ अर्थात् २९ मार्च २०१८ मा दीपकले तीनवटै कम्पनीको कोटेसन सुनीललाई पठाए । यी सबै झुटा कोटेसन थिए ।

यसमा एक्स्क्लुसिभ नेटवर्कस्ले पेस गरेको देखाइएको कोटेसन सुनील र दीपकबिचको सन्देशमा आदान-प्रदान भएको १२ लाख डलर कुल लागत भएको तालिकासँग हुबहु मिलेको देखिन्छ । तर, कोटेसनका लागि एक्स्क्लुसिभ नेटवर्कस् एसिया प्रालि सिंगापुरले हालेको पत्रमा एक्स्क्लुसिभ नेटवर्कस् एसिया प्रालि इन्डियाको छाप थियो । यसले उक्त कोटेसन नै आधिकारिक नरहेको ठहर अख्तियारको छ । यसपछि इन्स्टासेफले पनि कोटेसन पठायो । सुनीलले उक्त कोटेसनको प्रस्तावलाई चार वस्तुको दर सच्याएर यसैअनुसार कोटेसन तयार गर्न पठाएको देखिन्छ । यसैअनुसार सच्याएर दीपकले १२ लाख ४४ हजार २५० डलर कुल लागत भएको कोटेसन पठाउँछन् । उही कोटेसनलाई लागत अनुमान तयार गर्ने आधारका रूपमा सुनीलले लिए । अन्तिममा टेक डाटाले १२ लाख ६० हजार डलर कुल लागतसहितको कोटेसन प्रस्ताव पठाएको देखिन्छ ।

लागत अनुमानमै घुस 'फिक्स'

लागत अनुमान तयार गर्ने क्रममा त्यसैभित्र घुस रकमसमेत समावेश गर्नेबारे सुनील र दीपकबिच कुराकानी भएको छ । २२ चैतमा आपूर्ति गरिने सामग्रीका तीन कम्पनीले पाउने, बोलपत्रमा नेपालबाट भाग लिने थाक्रल वान नेपाल प्रालिनामक कम्पनीले पाउने र सुनीलले घुसबापत पाउने रकम खुलाएर तालिका पठाउँछन् । एफ ५ र सिस्को कम्पनीको सामानको मूल्य जनही चार लाख, इन्स्टासेफको २५ हजार, नेपालका तर्फबाट बोलपत्रमा भाग लिने थाक्रलले एक लाख र दुई लाख ७५ डलर सुनीललाई दिने गरी रकमको बाँडफाँट तालिकामा हुन्छ । सुनीललाई दिने भनिएको रकम कन्सल्टिङ फीको शीर्षकमा राखिएको छ । यसैअनुसारको प्रस्ताव थाक्रललाई पठाउने संवाद दीपक र सुनिलबिच भएको देखिन्छ । तर, आफूलाई दीपकले दिने घुस रकममा सुनीलको चित्त बुझ्दैन । दुईबिच घुस रकममा बार्गेनिङ चल्छ । तीन लाख डलर प्रस्ताव गर्दा सुनील मान्दैनन् । दीपकले बढाएर प्रस्ताव गरेको साढे तीन वा चार लाखमध्ये अन्ततः सुनीलले चार लाख चाहिने जवाफ पठाउँछन् । यसपछि दीपकले अर्को तालिका पठाउँछन्, त्यसमा सुनीललाई दिने घुस तीन लाख ७५ हजार उल्लेख गर्छन् र मागबमोजिम बाँकी २५ हजार डलर अर्को ठेक्काबाट पूर्ति गर्ने बताउँछन् । यसैमा सहमति जुट्छ ।

ठेक्का सम्झौतापछि घुसबारे सुनील र दीपकबिच फेरि कुराकानी हुन्छ । सुनीललाई घुस दिने सम्बन्धमा नेपाली रुपैयाँको तुलनामा डलरको मूल्य बढेकाले दीपकले तीन लाख १० हजारबाट तीन लाख हुँदै दुई लाख ८० हजार डलरमा झार्छन् । घुस रकम सुनीललाई पठाउने सम्बन्धमा पनि दुईबिच छलफल चल्छ । यसबिचमा १ असारमा आपूर्तिकर्ता एस्ट्रलले पूर्वनिर्धारित तीनवटा कम्पनीका सामग्री आपूर्तिका लागि सिंगापुरमा १० लाख ५३ हजार ६०४ डलर प्रतीतपत्रमार्फत पठाउँछ । त्यसैअनुसार २४ असारमा सामग्री नेपालमा आपूर्ति भएको थियो । सामग्री प्राप्त भएपछि सुनीलले नै १२ करोड ८२ लाख ४० हजार रुपैयाँ (भ्याटबाहेक) भुक्तानी दिएका थिए । २५ साउन ०७५ मा ठेक्काबापत दीपकबाट सुनीलले तीन करोड आठ लाख ५० हजार चार सय रुपैयाँ घुस प्राप्त गर्छन् । अमेरिकाको बैंक खाताबाट सुनीलको उक्त रकम दीपकले हालिदिन्छन् ।

त्रिवि स्नातक र स्नातकोत्तर तहमा मौका परीक्षा दिन पाउने

काठमाडौं/ त्रिभुवन विश्वविद्यालयले स्नातक र स्नातकोत्तर तहमा ०५८ देखि अनुत्तीर्ण भएका विद्यार्थीलाई एकपटक मौका परीक्षा सञ्चालन गर्ने भएको छ । बिहीबार त्रिविले सूचना जारी गर्दै फाराममसमेत खुलाएको हो । लामो समयदेखि अनुत्तीर्ण तथा विभिन्न कारणवश स्नातक तह र स्नातकोत्तर तहको पढाइ पूरा गर्न नसकेका विद्यार्थीलाई लक्षित गरी यो मौका परीक्षा सञ्चालन गर्न लागिएको हो । परीक्षामा ०५८ देखिका विद्यार्थी सामेल हुन पाउनेछन् ।

'वार्षिक परीक्षा प्रणालीअनुसार ०८१ मा सञ्चालन हुने मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र, कानुन संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत चारवर्षे र तीनवर्षे स्नातक तह प्रथम, द्वितीय, तृतीय र चौथो र स्नातकोत्तर तह प्रथम, दोस्रो वर्षको मौका परीक्षा दिने परीक्षार्थीले आ-आफ्नो क्याम्पसमा मिति ०८१ माघ २४ देखि ०८१ फागुन २३ सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ताभित्र दोब्बर दस्तुरसहित आवेदन फाराम भरी बुझाउनुहुन अनुरोध छ,' त्रिविले बिहीबार सूचना सार्वजनिक गर्दै भनेको छ ।

गाउँब्लक जग्गाको स्रेस्ता प्रयोगको माग गर्दै आन्दोलन घोषणा

लहान/ गाउँब्लक जग्गाको हक हस्तान्तरण, बिक्री र बैंक तथा वित्तीय संस्थामा राख्न मिल्ने गरी स्रेस्ता प्रयोगको माग गर्दै सिराहाको लहान क्षेत्रका पीडितले आन्दोलन घोषणा गरेका छन् । गाउँब्लक नगर संघर्ष समिति लहानले बिहीबार दिउँसो पत्रकार सम्मेलनमार्फत नगरको १ देखि २४ वडामध्ये जग्गाधनी दर्ता प्रमाण पुर्जा पाएको वर्षौं बित्दासमेत घरमा थन्क्याउनबाहेक केही नभएको गुनासो गर्दै आन्दोलन गर्न बाध्य भएको जनाएको छ । घोषित आन्दोलनको कार्यक्रमअन्तर्गत आगामी आइतबारदेखि तीन दिनसम्म मसाल जुलुस, खबरदारी सभा र मालपोत कार्यालयमा कामकाज ठप्प गरिने समिति संयोजक अरुण केसीले बताए ।

'विगतमा पनि पटक-पटक मालपोतलाई गाउँब्लक जग्गाको लालपुर्जा पाएका किसानहरूले पनि हक हस्तान्तरण, बिक्री, बैंक तथा वित्तीय संस्थामा राख्न सकिने गरी स्रेस्ता प्रयोगको पहल गरिदिन लिखित तथा मौखिक आग्रह गर्दै आएका छौं,' उनले भने, 'त्यसबारे निरन्तर बेवास्ता गरिएपछि आन्दोलनमा जानुपरेको हो ।' लहान- १९ सोनमती मभ्फौराका जगदीशप्रसाद साहले आफ्नी आमाको नाममा ६ वर्षअघि लालपुर्जा पाएको पौने तीन कट्ठा गाउँब्लक जग्गा घरायसी कामका लागि ऋण भिक्न बैंकमा राख्न खोजेको भए पनि मालपोतले स्रेस्ता प्रयोग नगरेकाले समस्या भएको गुनासो गरे ।

लहानस्थित मालपोत कार्यालयका सूचना अधिकारीसमेत रहेका नायब सुब्बा शिवकुमार यादवले नापी कार्यालयबाट प्राप्त भएको स्रेस्ता कम्प्युटरमा प्रविष्ट गर्न नपाउँदा समस्या भएको स्विकारे ।

निकुञ्जको सुरक्षार्थ खटिएका सेनाले चलाएको गोली लागेर मऱ्यो जंगली हात्ती

निकुञ्जका हात्तीमा सवार गस्ती टोलीमाथि नै जंगली हात्तीले आक्रमण गर्न थालेपछि आत्मरक्षाका लागि गोली चलाउनुपरेको दाबी

हेटौंडामा **पोष्टराज अधिकारी**

चितवन राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको टोलीबाटै मकुना नामक एउटा जंगली हात्ती मारिएको छ ।

निकुञ्ज प्रशासनले भने निकुञ्जका हात्तीमा सवार गस्ती टोलीमाथि नै जंगली हात्तीले आक्रमण गर्न थालेपछि आत्मरक्षाका लागि विकल्परहीत अवस्थामा गोली चलाउनुपरेको दाबी गरेको छ ।

जंगली हात्तीले स्विपङ गरेर निकुञ्जको कोर एरियामा पठाउने क्रममा बुधबार कुमरोज मध्यवर्ती सामुदायिक वनको लामिताल क्षेत्रमा घटना भएको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले बताए । 'लामिताल क्षेत्रमा जंगली हात्ती (मकुना) अकस्मात् फेला परेर घरपालुवा हात्ती (चुरेगज) लाई सीधै आक्रमण गर्न आयो । दुई राउन्ड वार्निङ हवाई फायर गर्दा पनि हात्ती भागेन,' मगरले भने, 'उल्टै सानो हात्ती खगेन्द्रप्रसादमा सवार रेन्जर श्याम तामाङ हात्तीबाट खस्नुभयो । ज्यानको सुरक्षा गर्न फेरि तीन राउन्ड फायर गर्दा पनि जंगली हात्ती फेरि फर्किएर आक्रमण गर्न आएपछि गोली चलाउनुपरेको हो ।' हात्तीको दाहिनेपट्टि घाँटीमा



गोली लागेर मृत्यु भएको पोस्टमार्टम रिपोर्टमा उल्लेख छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २१ अनुसार निकुञ्ज सुरक्षार्थ खटिएको सेनाले आत्मसुरक्षाका लागि गोली चलाउन पाउँछ । मकुना गत असोजमा सौराहाआसपासको क्षेत्रमा गाउँबस्तीमा पसेको थियो । कोर एरियामा पठाउन निकुञ्ज सौराहा सेक्टरका कर्मचारी तथा निकुञ्ज सुरक्षार्थ खटिएको नयाँ गोरख गण (क) गुल्म सौराहाका नेपाली सेनाको संयुक्त टोलीले ५-६ वटा हात्तीबाट दैनिक रूपमा स्विप गर्ने र कोर इलाकातर्फ धपाउने काम गरिरहेको थियो ।

मन्त्रालयले बनायो छानबिन समिति

जंगली हात्तीमाथि गोली चलाइएको विषय र आगामी दिनमा अपनाइनुपर्ने रणनीति तय गर्न वन तथा वातावरण मन्त्रालयले छानबिन समिति बनाएको छ ।

सहसचिव डा. बुद्धिसागर पौडेलको नेतृत्वमा पाँचसदस्यीय समिति बनाइएको सचिव डा. दीपक खरालले बताए । 'समितिले सात दिनभित्र घटनास्थलको यथार्थ विवरण, विश्लेषण गर्नेछ, आगामी दिनमा सुधार गर्नुपर्ने विषय पनि समेट्ने कार्यादेश दिएका छौं,' सचिव खरालले भने । समितिमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग, नेपाली सेनाका प्रतिनिधि र पशु चिकित्सक छन् । सचिव खरालले चितवनमा जनधनको क्षति हुने अवस्था आएपछि आत्मरक्षाका लागि गोली चलेको र आगामी दिनमा यस्तो अवस्था सिर्जना नहोस् भनेर पनि समितिले अध्ययन गर्ने बताए ।

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७०/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१)	**ऋणी: कृष्णराज बानिया** स्थायी ठेगाना: मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स. वडा नं. ८, हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १८, बाबु: दामोदर बानिया, बाजे : उदय बहादुर बानिया
२)	**ऋणी कम्पनी: आर.के.डि. सप्लायर्स प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता : राम कुमार दराई दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२२६७६/०७६/०७७, दर्ता मिति: २०७६/०५/११, ठेगाना: जिल्ला चितवन, खैरहनी न.पा. वडा नं. २
३)	**ऋणी: अरुण रेञ्मी** स्थायी ठेगाना : गोरखा जिल्ला, घ्यालचोक गा. वि. स. वडा नं. ५, हालको ठेगाना : गोरखा जिल्ला, घ्यालचोक गा. पा. वडा नं. ७ बाबु : शिव प्रसाद रेञ्मी, बाजे : तिर्थराज रेञ्मी
४)	**ऋणी फर्म: के.एस. आल्मोनियम एण्ड इन्टेरिएर डेकोरेटर**, प्रोप्राईटर तथा जमानीकर्ता : कुणाल श्रीवास्तव दर्ता नं.: घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुरमा प्रा.फ.नं. ८२८९/१७७/२०७०/२०७१, दर्ता मिति: २०७०/०८/१८, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. २
५)	**ऋणी फर्म: सुर्य हार्डवेयर एण्ड सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता : सुर्य बहादुर खुलाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्रा.फ.र.नं. ३६११/२७६०/२०७९/८०, दर्ता मिति: २०७९/११/०३, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. २
६)	**१) ऋणी फर्म: श्री शारदा देवी ट्रेडर्स**, प्रोप्राइटर तथा जमानीकर्ता : झंक प्रसाद दाहाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा प्रा.फ.र.नं. ३४९३/०७३/०७४, दर्ता मिति: २०७४/०१/११, ठेगाना: जिल्ला काभ्रेपलाञ्चोक, बनेपा न.पा. वडा नं. ११
	२) ऋणी: राम प्रसाद दाहाल ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ११, बाबु : खोल प्रसाद दाहाल, बाजे : रुद्र नारायण दाहाल
यस्तै, नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र ढुंगानाले सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गरिने रकमलाई प्रभावकारी बनाउन यो कार्यक्रम अघि बढाएको बताए। 'यसअन्तर्गत गरिने खर्चलाई प्रभावकारी बनाउन यो कार्यक्रम गरेका हौँ। यो भारतमा निकै सफल छ, त्यसलाई नेपालमा पनि प्रचलनमा ल्याएका हौँ, जुन सफल हुँदै गएको छ,' उनले भने, 'आगामी दिनमा यसलाई अझै प्रभावकारी बनाउँदै लैजानेछौँ।' यो कार्यक्रम सफल हुन नबिल बैंकको मात्रै नभएर त्रिभुवन विश्वविद्यालयको पनि ठुलो योगदान रहेको उनको भनाइ छ।

यस्तै, बैंकका सिनियर डेपुटी सिइओ मनोज ज्ञवालीले यसले युवाहरूको बढ्दो विदेश पलायनलाई नियन्त्रण गर्ने बताए। नबिल बैंकका निर्देशक निर्वाण चौधरीले युवाहरूलाई उद्यमी बनाउने मात्र नभएर स्वरोजगार बनाउनुपर्ने पनि बताए। साथै, उद्यममार्फत देशको अर्थतन्त्रको विकासमा नबिल बैंकले योगदान गरिरहेको उनको भनाइ छ। 'यसले सम्बन्धित व्यक्तिलाई उद्यमी मात्रै बनाउँदैन। देशको अर्थतन्त्रलाई पनि महत्त्वपूर्ण योगदान पुऱ्याउँछ,' उनले भने, 'यसलाई थप प्रभावकारी बनाउन हामी प्रयत्नशील छौँ।'

कार्यक्रममा फेलो तथा तालिमप्राप्त उद्यमीहरूको उत्पादन तथा सेवा प्रदर्शन गरिएको थियो। यसैगरी, मेन्टरहरूलाई सम्मान पनि गरिएको थियो।

नबिल बैंकले यो फेलोसिप कार्यक्रमका लागि त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकायसँग साझेदारी गरेको छ। यो ६ महिना लामो कार्यक्रम हो, जसमा प्रत्येक महिनाको तीन दिन आवासी तालिमको व्यवस्था छ। यो सुविधाका लागि बैंकले पहिला आवेदन माग गर्छ। आवेदनको मूल्यांकन र अन्तर्वार्ता पछि छनोट गरिन्छ।

भायानेट कम्युनिकेसनले विद्यालयलाई दियो शैक्षिक सामग्री

नयाँ पत्रिका

भायानेट कम्युनिकेसनले सुनसरी जिल्लाको श्री देवकोटा आधारभूत विद्यालय इनरुवाका विद्यार्थीलाई शैक्षिक सामग्री र न्यानो कपडा सहयोग गरेको छ।

भायानेटले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्री र जाडो महिनाको तयारीका लागि न्यानो कपडा वितरण गरेको हो। यस सहयोग कार्यक्रममार्फत विद्यालयका विद्यार्थीलाई कपी, पेन्सिल, सार्पनर, इरेजर, ज्योमेट्री बक्स तथा न्यानो हुडी वितरण गरिएको कम्पनीले जनाएको छ।

विद्यालयका प्रधानाध्यापकले भायानेटको यस सहयोगले विद्यार्थीको पठनपाठनमा थप सहयोग पुग्ने र उनीहरूको जाडो मौसममा स्वास्थ्य सुरक्षामा पनि योगदान दिने विश्वास व्यक्त गरे। भायानेट



कम्युनिकेसनले आफ्नो सिएसआर कार्यक्रमअन्तर्गत देशभरका विभिन्न विद्यालय तथा संस्थासँग सहकार्य गर्दै सामाजिक सेवाका कार्यक्रम गर्दै आइरहेको छ।

Government of Nepal
Ministry of Urban Development
Department of Local Infrastructure Development (DOLID)
Local Infrastructure Development Project Office (LIDPO)
Lumbini Province, Butwal

Notice for Shortlisted Consultants

LIDPO, Butwal has shortlisted the following consultants/Joint venture of Consultants as per the notice of invitation for Expression of Interest (EOI) published in the Mechikali National Daily Newspaper, first time on 2081/05/06 for "Detail Engineering Survey, Soil Investigation, Detail Design and Report Preparation of the Bridges of Package 1"(Contract ID: LIDPO/Lumbini/EOI/RfP-BR/2081_82/13).

S.N.	Name of the Consultants/Firms
1	ERMC-Api Point-Everest JV, Babarmahal-11, Kathmandu
2	SILT-EES-Green Planet JV, Kutubahal, Chabahill, Kathmandu
3	IMPULSE-SITARA-FBC JV, Dallu, Kathmandu
4	NATIONAL-RIDC-CARD JV, Maipi, Samakhusi
5	GECOM-e2services-ECoCoDE Nepal JV, Kathmandu-10, Anamnagar
6	BEAM-SEDS-MOONLIGHT JV, Gothatar, Kathmandu

The Shortlisted consultants can download RFP document from doli.gov.np or can received from LIDPO Butwal. Proposals must be submitted on or before 12:00 Noon of 7th March, 2025. The details are given in RFP and for further information please contact to LIDPO Butwal.

अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सुर्यबिनायक, भक्तपुर

तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

यस अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवंम मौखीक सूचना गरीयो तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थामा सम्पर्क राखी प्राप्त ऋण कर्जाको सम्पूर्ण सांवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल श्री सम्पत्तिहरू लिलाम बिकी गरी वा अन्य कानूनी कारवाही अवलम्बन गरी संस्थाको लेना रकम असुल उपर गरिनुका साथै कालोसूचिमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगतसाथ अनुरोध गर्दै म्याद भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ।

तपसिल

क.सं	ऋणीको विवरण	व्यक्तिगत धनजमानीको विवरण	धितो सुरक्षणको विवरण
१)	**नामः कृष्ण बहादुर लामा** ठेगानाः भक्तपुर जिल्ला, साविक सिपाडोल गा.वि.स.का वडा नं.४ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बुवाः टेक बहादुर लामा बाजेः मान बहादुर लामा पत्नीः संगिता लामा ना.प्र.नं.: २२९११ जारी मितिः २०५६/०२/२६ जि.प्र.का.: भक्तपुर	मान बहादुर लामाको नाति, काजी मान लामाको छोरा, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ८ बस्ने हरि केशव लामा (ना.प्र.नं.८२१७, जारी मितिः २०५२/०१/११, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	कृष्ण बहादुर लामाको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, साविक सिपाडोल गा.वि.स वडा नं.४ख स्थित कित्ता नं.७९९ को क्षेत्रफल ०-५-०-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरू समेत।
२)	**नामः ऋषा सुनुवार** ठेगानाः दोलखा जिल्ला, साविक हावा गा.वि.स.का वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बुवाः दान बहादुर सुनुवार बाजेः नर बहादुर सुनुवार ना.प्र.नं.: २२१०४६/८२ जारी मितिः २०६६/०३/०३ जि.प्र.का.: दोलखा	विर बहादुर लागजुको नाति, डम्बर बहादुर लागजुको छोरा, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ९ बस्ने शम्भु लागजु (ना.प्र.नं.२९ २४६९३, जारी मितिः २०६२/०३/०३, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	ऋषा सुनुवारको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, साविक सिपाडोल गा.वि.स वडा नं. ४क स्थित कित्ता नं. ८९१ को क्षेत्रफल ०-५-२-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरू समेत।

नेतृत्व नै...

पृष्ठ १ बाट क्रमशः

नेतृत्व अहिले पनि मुम्बई कुनै टोली नपठाएको दाबी गरिरहेको छ। गृहमन्त्री रमेश लेखक पनि बिहीबार संसद्मा प्रस्टीकरण दिँदा यस विषयमा मौन रहे। 'उनीहरू (सत्येन्द्र र नेहा)लाई पक्राउ गर्न प्रहरी टोली विदेश गएको हाम्रो आधिकारिक रेकर्डमा छैन,' केन्द्रीय प्रहरी प्रवक्ता डिआइजी दिनेश आचार्यले भने।

पीडितहरूले भने काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका तत्कालीन डिएसपी रुगम कुँवर र सहायक हवल्दार इन्द्रमणि पोखरेल मुम्बई गएर आफूहरूलाई पक्राउ गरेर दिल्लीसम्म ल्याएको बताएका छन्। दिल्लीमा कागजात नमिल्दा नेपाल ल्याउन सकेका थिएनन्।

हाल एसपीमा बढुवा भएका कुँवर र हवल्दार पोखरेलसँग मानव अधिकार आयोगले बयान लिइसकेको छ। उनीहरूकै कुरा बाझिएको स्रोत बताउँछ। उनीहरूपछि आयोगले एसपी अंगुर जिसी, तत्कालीन कार्यालय प्रमुख एसएसपी सानुराम भट्टराईलगायतका उच्च प्रहरी अधिकारीसँग समेत बयान लिने तयारी गरेको छ। 'गृहमन्त्रीकै निर्देशनमा पक्राउ गरेर कुटपिट गरेको भन्ने पीडितहरूको भनाइ छ,' आयोगका एक अधिकारीले भने, 'आदेश दिने सबैलाई छानबिनमा तान्छौं।' आयोगले बुधबार सत्येन्द्र र नेहासँग छलफल गरेको थियो।

गृहमन्त्री रमेश लेखक, आइजिपी वसन्तबहादुर कुँवर र अपराध अनुसन्धान कार्यालय टेकुका तत्कालीन एसएसपी सानुराम भट्टराईकै निर्देशनमा डिएसपीको टोली सत्येन्द्र र नेहालाई पक्राउ गर्न मुम्बई गएकाले यसमा छानबिन समिति बन्न नसकेको एक उच्च प्रहरी अधिकारीले बताए।

गृह मन्त्रालयले भने 'आवश्यक परे' छानबिन गर्न निर्देशन दिएको बताएको छ। तर, प्रहरी प्रवक्ता डिआइजी आचार्य छानबिनको आवश्यकता नदेखिएको बताउँछन्। उनी भन्छन्, '२० वर्षभन्दा कम उमेरमा विवाह गरेको आधारमा जाहेरी दर्ता भएको छ, त्यही आधारमा मुद्दा दर्ता भएको छ, प्रहरीले कानुनअनुसार नै काम गरेकाले छानबिन आवश्यक नभएको हो।' तर, प्रहरीले बालविवाहको जाहेरी लिएको समयमा सत्येन्द्र र नेहाले विवाह नै गरेका थिएनन्। प्रहरीले पक्राउ गरेर उनीहरूलाई यातना दिएको विषयमा जानकारी नभएको आचार्यको भनाइ छ।

कहाँ–कहाँ देखिन्छ प्रहरीको बदनियत ?

बालविवाह मुद्दाको आवरणमा प्रहरीको उद्देश्य अन्तरजातीय जोडीलाई छुटाउने र दलित युवा सत्येन्द्रलाई जेल पुर्‍याउने रहेको घटनाक्रमले देखाउँछ। यसका लागि नेहाको बुबाकै खर्चमा प्रहरी टोली मुम्बईसम्म पठाउने मात्र होइन, पक्राउ गरेर यातनासमेत दिइएको पीडितहरूले बताएका छन्।

गत २० मंसिरमा नेहाको विवाह दर्ताका लागि आवश्यक २० वर्ष उमेर पुगेको थियो। त्यसको २५ दिनअघि नै अर्थात् २५ कात्तिकमा जिल्ला प्रहरी कार्यालय सर्लाहीले सुरेन्द्र रौनियार (नेहाका बुबा) का तर्फबाट बालविवाहको जाहेरी लिएको थियो। प्रहरीले त्यही दिन अदालतबाट पक्राउ पुर्जी लिएको थियो।

सर्लाहीमा मात्र होइन, काठमाडौंमा समेत असुरक्षित भएपछि सत्येन्द्र र नेहा कपिलवस्तु पुगेर लुकेर बसेका थिए। त्यहाँबाट मुम्बई घुम्न गएका वेला प्रहरी टोली उतै पुगेर पक्राउ गरेको थियो। तर, दिल्ली विमानस्थलमा टिकट तथा कागजातमा समस्या भएपछि त्यहाँ होहल्ला भयो। आफूहरू फस्ने डरले पक्राउ गर्न गएका प्रहरीहरू फर्किएका थिए।

त्यहाँबाट सत्येन्द्र र नेहा कपिलवस्तु पुगेर गत ३ पुसमा 'कोर्ट म्यारिज' गरे। विवाह दर्ता गरेपछि प्रहरीले दुःख नदिने विश्वासका साथ उनीहरू ललितपुरको टीकाथलीमा डेरा गरेर बसी अध्ययन अघि बढाउने तयारीमा थिए। तर, प्रहरीले ९ पुसमा बालविवाहको मुद्दा अदालतमा लग्यो। त्यति मात्रै होइन, १६ पुसमा डेरामै आएका प्रहरीले दुवैजनालाई पक्राउ गर्‍यो। नेहालाई पक्राउ गरेर प्रहरीले माइती पक्षको जिम्मा लगायो। यसरी पक्राउ गर्दा आफूहरूमाथि कुटपिट र दुर्व्यवहार भएको भन्दै उनीहरूले मानव अधिकार आयोगमा उजुरी दिए।

कपिलवस्तुमा विवाह दर्ता गरेपछि उनीहरूले त्यसको जानकारी दिँदै जिल्ला प्रशासन कार्यालय सर्लाहीलगायतमा जानकारी दिएर सुरक्षा मागे। तर, उल्टो प्रहरीले विवाह दर्ता भइसकेको प्रमाण नहेरी शक्तिको चरम दुरुपयोग गर्दै फसाउने नियतसहित अदालतमा मुद्दा दायर गरेको थियो। विवाह दर्ता भइसकेकाले यस्तो मुद्दा प्रहरीले मुल्तबीमा राख्न सक्ने प्रावधान भए पनि 'माथि'को दबाबकै कारण मुद्दा दर्ता गरिएको स्रोत बताउँछ।

सत्येन्द्र अदालतबाट धरौटीमा छुटे। नेहालाई परिवारले नै बन्धक बनायो। सत्येन्द्रले त्यसविरुद्ध मानव अधिकार आयोगमा उजुरी दिए भने सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरे। अदालत र आयोगले नेहालाई उपस्थित गराउनभन्दा समेत प्रहरीले असहयोग गरेको थियो। एक महिनापछि बल्ल २० माघमा सर्वोच्चमा उपस्थित गराइएकोमा सबै पक्षको कुरा सुनेर सर्वोच्चले उनीहरूले राजीखुसीले उमेर पुगेर विवाह गरेको देखिएको भन्दै नेहालाई सत्येन्द्रकै जिम्मा लगायो।

त्यसपछि पनि प्रहरी संयन्त्रले सत्येन्द्र र नेहालाई आतंकित गर्न छाडेन। त्यसैले उनीहरू असुरक्षाको महसुस गरेर भूमिगत रूपमा बस्दै आएका छन्। प्रहरीकै कारण आफूहरू असुरक्षित बनेको भनेर बुधबार मानव अधिकार आयोगमा गएर बिलौना गरेका छन्।

उनीहरूलाई छुटाउनकै लागि यसरी गृह मन्त्रालयमार्फत प्रहरी शक्तिको दुरुपयोग भएको प्रहरी स्रोत बताउँछ। नेहाका बुबा सुरेन्द्र कांग्रेसका स्थानीय नेता र व्यापारी भएकाले उनकै पहुँचका आधारमा प्रहरी शक्तिको दुरुपयोग गराएका हुन्। प्रहरीलाई उनले व्यक्तिगत खर्चमा मुम्बईसम्म लगेका थिए।

कानुनी रूपमा विवाहका लागि एक महिनाभन्दा कम उमेर मात्र नपुगेको अवस्थामा प्रहरीले अन्तरजातीय जोडीलाई छुटाउनका लागि बालविवाहको मुद्दा दर्ता गरेको अधिकारकर्मी तथा अधिवक्ता शैलेन्द्र अम्बेडकर बताउँछन्। यसरी प्रहरीले नियतवश प्रेमिल जोडीमाथि अत्याचार गरेको प्रस्ट हुँदा पनि छानबिनसमेत नगरिँदा दलित अधिकारकर्मी थप आक्रोशित बनेका छन्। जातीय विभेदका घटनाका दोषीलाई कारबाही गर्ने प्रहरी नै अप्रत्यक्ष रूपमा गृह मन्त्रालयको दबाबमा यसरी पीडितलाई दमन गर्न लागेपछि सडकदेखि संसद्सम्म छानबिनको माग उठेको हो।

गृहमन्त्रीविरुद्धको जाहेरी लिएन प्रहरीले

बालविवाहको आड लिएर पीडितलाई प्रहरी लगाएर दमन गरेको भन्दै दलितका लागि दलित अभियानका संयोजक खगेन्द्र सुनुवार नेतृत्वको टोली गृहमन्त्री रमेश लेखकविरुद्ध जाहेरी दिन बिहीबार जिल्ला प्रहरी परिसर, काठमाडौं पुगेको थियो। तर, आफूहरूको जाहेरी नलिइएको उनले बताए। दलित अधिकारकर्मीहरूले बिहीबार पनि माइतीघरमा प्रदर्शन गरी घटनाको छानबिन गरी कारबाहीका लागि माग गरेका छन्। उनीहरूले शुक्रबार कांग्रेस पार्टी कार्यालय सानेपा पुगेर दबाब दिने तयारी गरेका छन्। दोषीलाई कारबाही नभएसम्म आन्दोलन गरिने उनीहरूको भनाइ छ।

● संसद्मा सरकारलाई खबरदारी-

राज्यबाटै संविधान र मानव अधिकारको उल्लंघन भयो, समाज बिथोल्ने काम गर्‍यो

काठमाडौं/ अन्तरजातीय प्रेमविवाह गरेका सर्लाहीका सत्येन्द्रकुमार राम (चमार) र नेहा रौनियारमाथि गृहमन्त्री रमेश लेखककै आदेशमा प्रहरीबाट भएको अत्याचारको विषयमा सार्वभौम संसद्मा सरकारको आलोचना भएको छ। बिहीबार प्रतिनिधिसभा बैठकको आकस्मिक, शून्य र विशेष समयमा बोल्दै सांसदहरूले अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्नुको साटो जातीय विभेदलाई राज्यसंयन्त्रबाटै संरक्षण गर्नु संविधान र मानव अधिकारको उल्लंघनसँगै समाज बिथोल्ने कामसमेत भएको भन्दै खबरदारी गरेका हुन्।

पूर्वप्रधानमन्त्री तथा प्रमुख विपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्डले अन्तरजातीय विवाह गर्ने जोडीलाई राज्यबाट प्रताडित गर्ने कार्य लज्जास्पद भएको बताए। 'अदालती विवाहको प्रमाण हुँदासमेत अन्तरजातीय विवाह गरेका नागरिकमाथि राज्यका संयन्त्र परिचालन गरी प्रताडित गर्ने काम भएको छ, योभन्दा लज्जास्पद कुरा अरू के हुन सक्छ ?' उनले प्रश्न गरे। सरकारले दलितको हक कार्यान्वयनमा रुचि नदेखाएको प्रचण्डको आरोप छ।

प्रमुख सत्तारूढ एमालेकी हर्कमाया विकले अन्तरजातीय विवाह गरेकै कारण राज्यबाट गरिएको ज्यादतीको भर्त्सना गर्दै सत्येन्द्र र नेहाका लागि न्यायको माग गरिन्। 'यस घटनाबाट जातीय विभेद मात्रै होइन, राज्यकै संरक्षणमा अन्याय भएको छ। विवाह दर्ता गरिसकेका उनीहरूको सम्बन्ध तोड्न, राज्यशक्तिको दुरुपयोग गरेर जबर्जस्ती छुट्याउन खोज्नु मानव अधिकार हनन मात्रै होइन, कुल जनसंख्याको १४ प्रतिशत दलितहरूकै घोर अपमान हो,' उनले भनिन्, 'अन्तरजातीय विवाह गर्नेलाई राज्यले लखेटी-लखेटी दण्ड गर्ने, छुटाउने गरेको छ। घटनामा संलग्नलाई कारबाही गरी सत्येन्द्र र नेहाको जोडीलाई स्वतन्त्रतापूर्वक बाँच्ने वातावरण निर्माण गर्नुपर्छ।'

विकले अन्तरजातीय विवाहलाई राज्यले प्रोत्साहन र संरक्षण गरेर जिम्मा लिनुपर्नेमा ठुलाबडाकै संरक्षण र भूमिकामा नवविवाहित जोडीको पछाडि राज्य नै लागिपर्नुभन्दा ठुलो अन्याय के हुन्छ भनेर प्रश्न गरिन्। घटनामा प्रहरीसँगै अदालतको पनि लापरबाही देखिएको भन्दै ध्यानाकर्षण गराइन्। 'अदालतमा बिहे दर्ता भइसकेपछि प्रहरी बालविवाहको जाहेरी दर्ता गर्छ, अर्को अदालतमा मुद्दा दायर हुन्छ। उनीहरूलाई पक्राउ गरिन्छ। अदालतले विवाह दर्ताको विवरण नहेरी युवकसँग धरौटी माग्छ। विवाह दर्तापछि युवाले जिल्ला प्रशासन कार्यालय सर्लाहीमा सुरक्षाका लागि निवेदन दिँदा सुनुवाइ गरिँदैन। निवेदन प्रहरीमा पठाउनुपर्नेमा उल्टो बालविवाह मुद्दा दर्ता गर्छ,' उनले भनिन्।

माओवादी सांसद रणेन्द्र बराइलीले गृहमन्त्रीकै आदेशमा अत्याचार भएको घटनाले सिंगो दलित समुदायलाई स्तब्ध बनाएको बताए। अन्तरजातीय बिहे गर्ने जोडीलाई पक्राउ गर्न प्रहरी भारतसम्म पठाउनु सत्ताको चरम दुरुपयोग भएको भन्दै आलोचना गरे। 'गम्भीर अपराध गरेकालाई पक्राउ गर्न मात्र प्रहरी विदेश पठाउने गरिन्छ। जिबी राईजस्ता मान्छेलाई पक्राउ गर्न नसक्ने प्रशासनले निरीह दलितदम्पतीलाई पक्रेर बढो बहादुरी देखायो,' उनले भने, 'जिल्ला अदालतमा विवाह दर्ता भइसकेको अवस्थामा बालविवाह, मानव बेचबिखन, लागुऔषधजस्ता मुद्दा लगाएर ज्यादती गर्ने काम भयो।'

उमेर पुगेको अवस्थामा उनीहरूलाई छुटाउने प्रयास हुनु गलत भनेर सर्वोच्चले नै भनिसकेको अवस्थामा जातीय छुवाछुतविरुद्ध न्याय गर्ने निकायबाटै भएको यस्तो हर्कत निन्दनीय रहेको पनि बराइलीको भनाइ छ। 'दुवैलाई जीवन सुरक्षाको ग्यारेन्टी गर्दै नियमविपरीत कार्य गर्नेहरूलाई कारबाहीको माग गर्दछु। अपहरण गर्ने, जे पनि हुन सक्ने धम्की दिएका कारण उनीहरू अहिले पनि भूमिगत बस्न बाध्य छन्। गृह मन्त्रालयअन्तर्गतका प्रहरी अधिकृतको प्रत्यक्ष संलग्नतामा भएको ज्यादतीपूर्ण घटनाका पीडितलाई क्षतिपूर्तिका साथै न्याय निरुपणका लागि माग गर्दछु,' उनले भने।

रास्वपाका शिव नेपालीले बिहे दर्ता भएर कानुनी रूपमा वैध सम्बन्धलाई जबर्जस्ती तोड्न गृहमन्त्रीकै निर्देशनमा राज्यशक्तिको दुरुपयोग हुनु अत्यन्त गम्भीर रहेको भन्दै सरकारले जवाफ दिनुपर्ने माग गरे। 'राज्यमा सबै नागरिकको उत्तिकै अस्तित्व र आत्मसम्मान हुन्छ। तर, यो सरकार हात्तीको दाँतजस्तै लाग्न थालेको छ, देखाउने एउटा र चपाउने अर्को। यो सरकारको चरित्र पनि त्यस्तै हो कि ?' उनले प्रश्न गरे, 'के प्रेम गर्नु अपराध हो ? सरकार संविधानमाथि हो ? सरकारले दलित समुदायको संविधानप्रदत्त हकको रक्षा गर्ने हो कि जातीय विभेदलाई स्थापित गर्ने हो ?'

राप्रपाकी अनिशा नेपालीले सरकारको सिंहासन र प्रहरी बर्दीको दुरुपयोग गरेर संविधान र मानव अधिकारविरोधी कार्य गर्नु अस्वीकार्य रहेको बताइन्। 'उमेर पुगेका युवायुवतीले मन मिलेपछि स्वतन्त्रतापूर्वक विवाह गर्ने संवैधानिक हक छ। तर, उनीहरूको सम्बन्ध तोड्न राज्य नै लाग्नुपर्ने किन ? के दलित मान्छे होइनन् ?' उनले प्रश्न गरिन्, 'सरकारको सिंहासन र बर्दी दुरुपयोग गर्ने गरी गरिएको मानव अधिकारविरोधी गैरजिम्मेवार घटनाप्रति दलित समुदायले घोर भर्त्सना गर्दछ। यो घटनाको गृहमन्त्रीबाट जवाफ चाहन्छु।'

एकीकृत समाजवादीका अम्मरबहादुर थापाले अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्नुपर्ने ठाउँमा सरकारले प्रतिबन्ध लगाउने हिसाबले निरुत्साहित गर्नु गलत भएको बताए। त्यस्तै, कांग्रेस सहमहामन्त्री जीवन परियारले यो घटना सिंगो दलित समुदायमाथिकै प्रहार भएको भन्दै सत्यतथ्य सार्वजनिक गर्न माग गरे। कांग्रेसकै आशा विकले दलितहरूमाथि यस्ता घटना दोहोरिँदा देशकै शिर निहुरिएको बताइन्।

कांग्रेसकै शान्ति विकले पनि सत्येन्द्र र नेहामाथि गरिएको बर्बरता र क्रुरताले ६० लाख दलित समुदायमाथि चोट परेको भन्दै संलग्नलाई कारबाहीको माग गरिन्। 'जोडीले आफैं असुरक्षित छौं भनेका छन्। सत्यतथ्य के हो गृहमन्त्रीले प्रस्ट पार्नुपर्छ। जातीय भेदभाव अन्त्य गर्नुपर्छ,' उनले भनिन्। तर, गृहमन्त्री रमेश लेखकले जोडी छुटाउन निर्देशन दिएको भन्नेमा भने आफू विश्वस्त नरहेको भन्दै उनले बचाउ गरिन्।

वर्षमानले गरे रुलिङको माग

माओवादी उपमहासचिव वर्षमान पुनले गृहमन्त्रीको स्पष्ट जवाफका लागि सभामुखसँग रुलिङको माग गरेका छन्। 'सर्लाहीको जोडी सत्येन्द्र र नेहाको वैवाहिक प्रश्नमा गृहमन्त्रीजीले उठेका प्रश्नहरूको जवाफ दिनुभयो। तर, एउटा कुराको जवाफ आएन कि ? भारत पुगेर एकजना एसपी र एक हवल्दारसहितको टोलीले गिरफ्तार गरेर ल्याएको, त्यसमा गृहमन्त्रीजीको संलग्नता भएको भन्ने कुराहरू उठेका छन्। त्यसबारेमा जवाफ आएन,' उनले भने। पुनले गृहमन्त्रीको जवाफका लागि सभामुखमार्फत रुलिङ हुनुपर्ने भन्दै घटनाको छानबिन गरी आवश्यक कारबाही गर्न माग गरे।

अध्यादेश...

पृष्ठ १ बाट क्रमशः

केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले उपेन्द्रको साथ मागिरहेका छन् भने उपेन्द्रले उनीहरूसँग संघदेखि मधेश प्रदेशसम्म सत्ताको मोलमोलाइ गर्दै छन्। प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिएको जसपा संसद्मा सत्तापक्षीय बेन्चमै रहे पनि सत्तामा छैन। जसपाले अध्यादेश पारित गर्न साथ दिने हो भने संघ सरकारमा उपप्रधानमन्त्रीसहित गृह या स्वास्थ्य मन्त्रालय र मधेशमा मुख्यमन्त्रीको दाबी गरेको छ। उनले प्रधानमन्त्री ओली र सभापति देउवासँग भेटेरै यी सर्त राखेको स्रोतले बतायो। तर, उनको सर्तमा निर्णय हुन नसकेपछि बिहीबार अध्यादेशमाथि संसद्मा छलफल अगाडि बढाउने पूर्वनिर्धारित कार्यसूची सरकारकै अनुरोधमा हटाइएको थियो।

तर, सत्तापक्ष र जसपा नेपाल दुवैले अध्यादेशलाई सर्तका रूपमा अगाडि सारेर कुनै बार्गेनिङ नभएको दाबी गरेका छन्। जसपा नेपालले अध्यादेशको विषयवस्तु अध्ययन गरेर मात्र निर्णय लिने भन्दै कार्यदल बनाएर अध्ययन गरेको थियो। कार्यदलले बिहीबार संसदीय दलको बैठकमा अध्यक्ष यादवलाई सुझाव र निष्कर्षसहितको प्रतिवेदन बुझाए पनि तत्काल निर्णयमा पुग्न हतार हुने भन्दै कुनै निर्णय लिएन। प्रतिवेदन सांसदहरूलाई अध्ययनका लागि दिइएको भन्दै उसले संसद्मा अध्यादेश छलफलको कार्यसूची पेस भएपछि मात्र निर्णय लिने प्रतिक्रिया दिएको छ।

'प्रधानमन्त्री र कांग्रेस सभापतिसँगको भेटमा अध्यक्षज्यूको सामान्य कुराकानी भएको छ। उहाँहरूले सहयोग माग्नुभयो। हामीले कार्यदल बनाएका छौं, त्यसले दिने सुझाव र निष्कर्षका आधारमा निर्णय हुन्छ भन्यौं। कार्यदलले सुझाव संसदीय दललाई बुझाएको छ। ६ वटै अध्यादेशका बारेमा विज्ञहरूको राय लिएर सुझाव दिएका छौं। अध्यादेशको कार्यसूची आएपछि संसदीय दलको बैठक बसेर के गर्ने उपयुक्त निर्णय गर्छौं,' जसपा नेपालका प्रवक्ता मनीष सुमनले भने।

अध्यादेशलाई सरकारमा जाने सर्तका रूपमा बार्गेनिङको विषय नबनाएको उनको दाबी छ। 'प्रधानमन्त्री र कांग्रेस सभापतिसँगको भेटमा सरकारमा जाने विषयमा कुरा भएको छैन। त्यसैले बाहिर आएका कुरा किमार्थ गलत छन्। हामी देश र जनताको हित हुने गरी उपयुक्त निर्णय लिन्छौं,' सुमनले भने।

राष्ट्रिय सभामा निर्णायक सिट भएका कारण पनि बाहिरी चासोका कारण 'बार्गेनिङ' को हल्ला चलाइएको हुन सक्ने उनले बताए। 'हामी राष्ट्रिय सभामा निर्णायक भएका कारण पनि बाहिरबाट चासोका साथ हेरिएको होला। तर, मन्त्रिपरिषद्मै भएको अशोकजीको पार्टीले के गर्दै छ ? सरकारलाई नै समर्थन गरिरहेको लोसपा, जनमत र नागरिक उन्मुक्ति पार्टी चाहिँ किन बोलिरहेका छैनन् ? अरू पार्टीबारे धेरै चासो त भएन, तर हामीचाहिँ उपयुक्त समयमा उपयुक्त निर्णय गर्छौं,' सुमनले भने।

राजनीतिक विश्लेषक कृष्ण पोखरेल अध्यादेश स्वीकृत गर्नुपर्ने प्रधानमन्त्रीको अप्ठ्यारोको फाइदा जसपाले उठाउन खोजेको बताए। 'अध्यादेश स्वीकृत भएन भने प्रधानमन्त्रीका लागि ठुलो राजनीतिक संकट हुन्छ। संसद्मा विश्वास गुमेजस्तो हुन्छ। तामझामका साथ ल्याएको अध्यादेश पास भएन भने 'लस अफ फेस' हुन्छ। प्रधानमन्त्रीको यो अप्ठ्यारोको फाइदा जसपाले उठाउन खोजेको देखिन्छ। होइन भने कार्यदलले प्रतिवेदन बुझाइसकेपछि गुण र दोषको आधारमा निर्णय गर्नुपर्नेमा किन होल्ड बस्यो ? सरकार संसद्मा ब्याक हुनु (अध्यादेशमाथिको छलफललाई बिहीबार कार्यसूचीबाट हटाउनु) र जसपाले निर्णय सार्नु बार्गेनिङकै राजनीतिक चरित्र हो,' उनले भने।

सरकारका एक मन्त्रीले पनि जसपा नेपाल अध्यादेशको नाममा बार्गेनिङमा लागेको बताए। 'अध्यादेशबारे सुझाव दिन गठन गरेको कार्यदलले प्रतिवेदन बुझाइसकेपछि पनि अध्ययन भनेको छ। बार्गेनिङ गर्नकै लागि यो सबै नाटक रचिएको देखिन्छ,' उनले भने, 'उसले मधेशमा मुख्यमन्त्री र केन्द्रमा स्वास्थ्यमन्त्री मागेको छ।'

कांग्रेस संसदीय दलका प्रमुख सचेतक श्याम घिमिरेले जसपासँग सत्तापक्षले कुनै लेनदेन गर्ने विषयमा कुराकानी नगरेको दाबी गरे। सत्तापक्षको बेन्चमा भएका कारण पनि उसले अध्यादेशको पक्षमै मतदान गर्ने बताए। 'प्रतिनिधिसभामा केही समस्या छैन। राष्ट्रिय सभामा केही समस्याजस्तो देखियो, तर अहिले कुरा मिलिसक्यो। जसपाले समर्थन गर्छ। किनभने हिजो पनि प्रधानमन्त्रीलाई भोट हालेको पार्टी हो। अहिले सत्तापक्षकै बेन्चमा बसेको छ। सर्त केही होइन। अहिले केही लेनदेन भएको छैन। यो अध्यादेशलाई विरोध गर्नुपर्ने कुनै कारण छैन,' घिमिरेले भने।

मधेश राजनीतिका विश्लेषक तुलनारायण साह संसदीय राजनीतिमा सिट संख्याले परिणामलाई तलमाथि पार्न सक्ने सामर्थ्य राख्ने भएका कारण अहिले जसपाले सत्ता बार्गेनिङ गर्नु नौलो नभएको बताए। 'संसदीय राजनीतिमा सिट संख्याले ठुलो महत्त्व राख्छ। राष्ट्रिय सभामा जसपाको तीन सिट संख्याले अध्यादेशमा परिणाम तलमाथि पार्न सक्ने भएकाले जसपाको सिट संख्या महत्त्वपूर्ण छ र संसदीय राजनीतिमा यो स्वाभाविक खेल नै हो,' उनले भने, 'त्यसकारण अहिले स्वाभाविक रूपमा सत्तापक्षसँग केही न केही नेगोसिएसन भइरहेको हुन सक्छ। आफ्नो सिटका आधारमा गिभ एन्ड टेक गर्ने, सरकारसँग नेगोसिएसन गर्ने कुरा कुनै नौलो र अस्वाभाविक होइन।'

जसपा नेपालले भने सत्तापक्षसँग बार्गेनिङ नगरिएको भन्दै विज्ञप्ति नै निकालेर खण्डन गरेको छ। 'प्रतिनिधिसभा र राष्ट्रिय सभामा अध्यादेशलाई पेस नगरी कार्यसूचीबाटै हटाएको अवस्थामा जसपा नेपालले अध्यादेशबारे कुनै औपचारिक निर्णय आजै नलिई उक्त प्रतिवेदनउपर थप अध्ययन र छलफल गरी संसदीय दलको अर्को बैठकमा देश र राष्ट्रहित हुने गरी ठोस निर्णय लिने जानकारी गराउन चाहन्छौं,' अध्यक्ष यादवको सचिवालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'तसर्थ अध्यादेशको सम्बन्धमा जसपा नेपाललाई जोडेर विभिन्न सञ्चारमाध्यममा र सामाजिक सञ्जालहरूमा अतिरञ्जित, मनगढन्ते र प्रायोजित ढंगले आइरहेका समाचार र सूचनाहरू आधारहीन, तथ्यहीन र भ्रामक रहेकाले त्यस्ता गलत र गैरजिम्मेवार सूचना र समाचारको पछि नलाग्न हुन आमजनता, पार्टीपंक्ति र सञ्चारमाध्यमहरूलाई हार्दिक अनुरोध गर्दछौं।'

लालपुर्जा...

पृष्ठ १ बाट क्रमशः

नारायणप्रसाद ढकालले रविमाथि राज्यले नियतवश प्रतिशोध साधेर ज्यादती गरेको भन्दै अदालतले मागेको धरौटीका लागि आफ्नो लालपुर्जा राख्न तयार भएर आएको बताए।

दुई दिनको थुनछेक बहसपछि बिहीबार न्यायाधीश दयाराम ढकालको इजलासले रविलाई ठगी मुद्दामा ५४ लाख धरौटी लिई तारेखमा राख्न आदेश दिएको थियो। इजलासले गोर्खा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशक रहेको, सो कम्पनीमा आफ्नो सेयर रहेको विषयलाई अन्यथा नभनेको, प्रबन्ध निर्देशकको हैसियतबाट चेकमा हस्ताक्षर गरेको भन्ने तथ्यलाई स्वीकार गरेको, गोर्खा मिडियाको १५ प्रतिशत सेयर प्राप्त भएको, कम्पनीका चेकहरूमा आफूले हस्ताक्षर गरी विभिन्न व्यक्ति र संस्थालाई दिएको, आफ्नो कार्यकालमा धेरै चेकहरू जारी भएको, ती चेकहरू अध्यक्ष गितेन्द्रबाबु राईको निर्देशन पालना गरी जारी गरिएको भनी बयानमा उल्लेख गरेको, साहारा सहकारीबाट गोर्खा मिडियामा रकम आएको भन्ने मिसिल संलग्न चेकको प्रतिलिपिबाट देखिएको, सहप्रतिवादीहरू छविलाल जोशी र कुमार रम्तेलले समेत पोल गरी बयान गरेकोजस्ता आधारमा कसुरमा संलग्नता नरहेको भनी अहिले नै भन्न सकिने अवस्थाको विद्यमानता नरहेको भन्दै पछि मुद्दामा थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी उक्त धरौटी माग गरेको हो। उनी धरौटी ग्यारेन्टी गरेर बिहीबारै रिहा भएका छन्।

इजलासले 'कसुरमा संलग्नता नरहेको भनी अहिले नै भन्न सकिने अवस्थाको विद्यमानता नरहेको' भनी लिएका आधारमध्ये एक सहप्रतिवादीहरूको पोल बयान पनि छ। तर, सहप्रतिवादी भनिएका छविलाल जोशीको चितवन जिल्ला अदालतमा अहिलेसम्म बयान नै भएको छैन। उनले आफूलाई प्रहरी बयानमा दबाब दिइएको र राति अबेरसम्म बयान गराई बिहान ३ बजे हस्ताक्षर गराइएको र हस्ताक्षर गर्दा समय लेख्छु भन्दा नदिएको कास्की जिल्ला अदालतकै इजलासमा बताएका थिए। जोशीले कास्की र काठमाडौं अदालतमा बयान गर्दा आफूले नबोलेका कुरा लेखिएको भन्दै सच्याउँदै हिँडेका छन्। अदालतमा सरकारी बयान र अन्य प्रमाणले पुष्टि नगरेसम्म प्रहरीमा गरेको बयान मान्य नहुने प्रावधान छ।

'ठग्ने र ठगिनेबिच सम्पर्क खोइ ?'

रविका कानुन व्यवसायीले उनले चेक सहकारीको नभई गोर्खा मिडियाको काटेको र त्यो गैरकानुनी नरहेको भन्दै ठग्ने र ठगिनेबिचको सम्बन्ध देखाउन चुनौती दिए। वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्तले भने, 'ठग्ने र ठगिनेबिच कागज हुनुपर्छ। यहाँ ठग्ने र ठगिनेबिच देखादेख, भेटघाट, चिनजान, सम्पर्क केही छैन।' तर, खारेज भइसकेको पुरानो मुलुकी ऐनको ठगी महलअनुसार मुद्दा दायर भएकोमा आपत्ति जनाउँदै उनले नयाँ मुलुकी अपराध संहिताअन्तर्गत ठगीको महलको व्याख्या हुनुपर्ने माग गरे।

ठगिने सहकारीका बचतकर्ता र ठग्ने सहकारीका सञ्चालक तथा पदाधिकारी भएको पन्तले प्रस्ट्याए। उनले गोर्खा मिडियाले सहकारीसँग पैसा (ऋण) नमागेको र साहारा सहकारीले गोर्खा मिडियालाई ऋण तिर भनेर पत्र पनि नपठाएको भन्दै विभिन्न व्यक्तिको नाममा ऋण खडा गरी जिबी राईले सहकारीको रकम झिकेको र त्यसलाई गोर्खा मिडियाको खातामा राखेकोमा २१ साउन ०८० मा मात्रै सहकारीको सफ्टवेयरमा गोर्खा मिडियाको नाममा ऋणका रूपमा देखाइएको दलिल पेस गरे। 'रवि लामिछानेले १ असार ०७९ मै गोर्खा मिडिया छाडिसक्नुभएकोमा त्यसपछि कायम गरिएको ऋण लगतमा उहाँको दायित्व कसरी हुन्छ श्रीमान् ?' पन्तले प्रश्न गरे, 'गोर्खा मिडियाले माग्नेलाई दुई रुपैयाँ दियो भने त्यो पनि सहकारी ठगी हुन्छ ? कानुन व्यवसायीलाई कसैले सहकारीबाट रकम ल्याएर शुल्क तिर्‍यो भने स्रोत किन नखोजेको भनेर कानुन व्यवसायीलाई पनि दोषी ठहर्‍याउन मिल्छ ?'

पन्तले सहकारीका बचतकर्ताको पैसा ठगिएको र फिर्ता गराउने मूल विषय हुनुपर्नेमा राज्यले बचतकर्ताको पैसा नउठोस् र रविलाई दुःख दिन पाइयोस् भन्ने उद्देश्यप्रेरित भई मुद्दा लगाइएको दाबी पनि गरे। उनले यसका लागि गोर्खा मिडियालाई प्रतिवादी नबनाइएको तर्क गर्दै नत्र गोर्खा मिडियाको सम्पत्तिबाट असुलउपर गरी रकम फिर्ता गराउन सकिने विकल्प रहेको पनि बताए।

त्यस्तै, अधिवक्ता जगन्नाथ पौडेलले पनि पीडितलाई राहत दिने विषयमा सरकार गम्भीर नभएको बताए। अर्का अधिवक्ता सुरेन्द्र थापाले सहकारी ऐनअनुसार मुद्दा नल्याइएकोमा प्रश्न उठाए। त्यस्तै, अधिवक्ता डा. नारायणदत्त कँडेलले पनि सहकारी बचत अपचलनको मुद्दा भएकाले सहकारी ऐनअन्तर्गत चलाउनुपर्ने भए पनि ठगीको मुद्दा ल्याइएको भन्दै असन्तुष्टि जनाए।

यसअघि जाहेरवाला र सरकारी वकिलको तर्फबाट जवाफी बहस सकिएपछि न्यायाधीशले अन्तिममा 'तपाईंको केही भनाइ छ ?' भनेर रविलाई सोधेका थिए।

रविविरुद्ध खटाइएका थिए तीन जिल्लाका न्यायाधिवक्ता

सामान्यतया कुनै पनि जिल्लाका मुद्दामा सोही जिल्ला कार्यक्षेत्र तोकिएका न्यायाधिवक्ता तथा सहायक न्यायाधिवक्ताहरूले बहस गर्छन्। तर, बिहीबार रविविरुद्धको मुद्दामा बहस गर्न छिमेकी तीन जिल्लाका सरकारी वकिल कार्यालयका प्रमुख खटाइएका थिए।

बिहीबार सरकारी वकिलको तर्फबाट बहसको सुरुवात बारा जिल्लाका 'आगन्तुक' न्यायाधिवक्ता शम्भुकुमार बस्नेतले गरेका थिए भने त्यसपछि धादिङका जिल्ला न्यायाधिवक्ता दशरथ पँगेनी र पर्साका जिल्ला न्यायाधिवक्ता भोलानाथ निरौलाले समेत बहस गरे। सम्बन्धित जिल्लाकै अदालतहरूमा मुद्दाको चाप हुँदाहुँदै तीन जिल्लाका सरकारी वकिल कार्यालयका प्रमुखहरूलाई किन चितवन खटाइयो भन्ने प्रश्न उठेको छ। महान्यायाधिवक्ताको कार्यालयले खटाएपछि उपस्थित भए पनि उनीहरूले १५ मिनेटजति मात्रै इजलासमा बहस गरे।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले जापान तथा थाईल्याण्डबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार र प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	HILUX DOUBLE CAB	PICK UP	TOYOTA	GUN126R-DTFHX	2755	THAILAND	1	13,300,000	13,300,000
2	LC 250 PRADO AR	SUV	TOYOTA	GDJ250R-GNZRY	2755	JAPAN	1	33,200,000	33,200,000
3	HIACE	MINIBUS	TOYOTA	KDH223R-LEMDY	2982	JAPAN	1	9,000,000	9,000,000

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.

आनन्दनगर, धुम्वाराही, काठमाडौं

एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

Provincial Assembly Secretariat

Madhesh Pradesh

Janakpurdham, Nepal

Invitation for Bidders

(IFB No.: PAS-MP/Works/81-82/01)

Date of Publication: 2081/10/25 (7th February, 2025)

1. **Provincial Assembly Secretariat, Madhesh Pradesh, Janakpurdham** invites open competitive biddings (Electronics bid only) from Eligible Bidders for the procurement of following works under **National Competitive Bidding (NCB)** Bidding Procedures. Only eligible bidders should participate in this bidding:

S N	Contract ID/ Number	Description of Procure-ment Works	Estimate Amount in NRs. (Exclusive of VAT)	Bid Securi-ty Amount (NRs.)	Bid Security Validity Period	Price of Bid Docu-ment (NRs.)	Remarks
1	PAS-MP/Works/ NCB/81-82/01	Construction of quarter buildings for employees.	21,42,273.53/-	70,000/-	120 days from dead-line of bid submission	3,000/-	
2	PAS-MP/Works/ NCB/81-82/02	Construction of Waiting Hall.	43,07,359.03/-	1,30,000/-	120 days from dead-line of bid submission	3,000/-	
3	PAS-MP/Works/ NCB/81-82/03	Construction of Main road Entrance Gate.	47,24,829.06/-	1,40,000/-	120 days from dead-line of bid submission	3,000/-	
4	PAS-MP/Works/ NCB/81-82/04	Construction of Water Fountain.	42,77,863.24/-	1,30,000/-	120 days from dead-line of bid submission	3,000/-	

2. **Date of Purchasing, Submission & Opening of Bids**

Deadline of Bid Purchasing	Deadline of Bid Submission	Date of Bid Opening	Employer's Bank Account for Purchasing Bid Document	Employer's Bank Account Details for Bid Security Cash Deposit
On or Before 9th March, 2025 (2081-11-25) Till 12:00 hours	On or Before 9th March, 2025 (2081-11-25) Till 12:00 hours	On 9th March, 2025 (2081-11-25) at 13:00 hours	Rashtriya Banijya Bank, Janakpurdham Name of the Office: Provincial Assembly Secretariat, Janakpurdham, Dhanusha Office Code No: - 2020017012 Revenue Head No.:14229	Rashtriya Banijya Bank, Janakpurdham Dharauti Account No. 1220100202030000 On Behalf of Pradesh Lekha Niyantrak Karyalaya, Madhesh Pradesh, Janakpurdham

3. A complete set of Bidding document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. For detail information eligible bidders may visit the **Provincial Assembly Secretariat, Madhesh Pradesh, Janakpurdham** (Contact no. **9851140899**).
4. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
5. All the rights to accept or reject the bids are reserved to **Provincial Assembly Secretariat, Madhesh Pradesh, Janakpurdham** without specifying any reasons if any.

Province Secretory

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
शुक्रबार २५ माघ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एनओसीको निर्वाचनमा सहभागी भएका संघहरूलाई राखेपले दियो अन्तिम मौका

नेपाल ओलम्पिक कमिटीको निर्वाचनमा सहभागी संघहरूलाई यसअघि सोधिएको स्पष्टीकरणको चित्तबुझ्दो जवाफ नआएको भन्दै राखेपले सफाइ पेस गर्न तीन दिनको अन्तिम मौका दिएको छ



श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को सात सदस्यीय कार्यसमिति बैठकले नेपाल ओलम्पिक कमिटी (एनओसी) को निर्वाचनमा सहभागी संघहरूलाई कानुनअनुसार चल्न अन्तिम मौका दिएको छ। एनओसीको निर्वाचन कानुनसम्मत नभएको निष्कर्ष निकाल्दै कारबाही प्रक्रिया अघि बढाइएको राखेपले जनाएको छ।

दुई साताअघि राखेपको ११९औँ बोर्ड बैठकले नेपाल राफ्टिङ एन्ड क्यानोइङ, बास्केटबल, आर्चरी, भलिबल, स्की, साइक्लिङ, ब्याडमिन्टन, जिम्न्यास्टिक, टेनिस, जुडो, गल्फ, तेक्वान्दो, कराँते र बक्सिङ संघलाई स्पष्टीकरण सोधेको थियो। ती संघहरूले चित्तबुझ्दो जवाफ नदिएका कारण पुनः सफाइ पेस गर्न तीन दिनको समयसीमासहित अन्तिम मौका दिइएको सदस्यसचिव टंकलाल घिसिङले बताए।

'अदालत र सरकारको निर्देशनविपरीत अवैधानिक रूपमा भएको एनओसी निर्वाचनमा सहभागी संघहरूलाई थप तीन दिनभित्र सफाइ पेस गर्न समय दिएका छौं,' घिसिङले भने, 'यसपटक पनि चित्तबुझ्दो जवाफ नदिए उनीहरूमाथि कारबाही प्रक्रिया अगाडि बढ्छ।' उनका अनुसार जवाफ चित्तबुझ्दो नभए सम्बन्धित खेल संघ वा महासंघको बैंक खाता रोक्कादेखि पदाधिकारीलाई वैदेशिक सहभागितामा पूर्ण रोक लगाइनेछ।

सदस्यसचिव घिसिङले ऐनमै तोकिएको व्यवस्था भएकाले संघहरूलाई अन्तिम मौका दिइएको जनाए। 'राखेपको ०७७ को ऐनअनुसार थप तीन दिनको समय दिएका हौं, त्यसमा पनि जवाफ चित्तबुझ्दो नआए कारबाही प्रक्रिया अघि बढ्छ,' उनले भने। यसैगरी, सरकारी भौतिक पूर्वाधार प्रयोगमा समेत रोक्कालगायतको कारबाही प्रक्रिया अगाडि बढाइने उनले बताए।

राखेप कार्यसमिति बैठकले एनओसीको बैंक खाता रोक्का, वैदेशिक सहभागिता एवं अन्य कार्यक्रममा सहभागितामा रोक्का गर्ने निर्णय गरेको छ। भौतिक सम्पत्तिको अनधिकृत उपयोगमा रोक्काका लागि सम्बन्धित नियामक निकायमा पत्राचार गर्ने निर्णय भएको घिसिङले बताए। गत साता संघका पदाधिकारीलाई छलफल गर्न एनओसीले सातदोबाटोमा रहेको केन्द्रीय कार्यालयमा बोलाएको थियो।

■ एनओसीका चारजना सदस्यको राजीनामा

एनओसी कार्यसमितिबाट चारजना सदस्यले राजीनामा दिएका छन्। नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दसँगै तेक्वान्दो संघका अध्यक्ष प्रकाशशमशेर राणा र हक्की संघका अध्यक्ष अनिलप्रसाद शर्माले राजीनामा दिएका हुन्। चन्द र एन्फाका सदस्य मनीष जोशीले सदस्यबाट राजीनामा गरेका हुन्। चन्दले नैतिकताका आधारमा सदस्य पदमा बस्न उचित नरहेको ठहर गरी राजीनामा दिएको जनाएका छन्। अनलाइन निर्वाचनमा भाग नलिने शर्मा र जोशी थिए। राणा र चन्दले भने निर्वाचनमा भाग लिएका थिए। २७ मध्ये २० जना अनलाइन मतदानमा सहभागी थिए।

बैठकमा सहभागी नहुन निर्देशन

अदालतको आदेशविपरीत विद्युतीय माध्यमबाट निर्वाचन गरेको एनओसीको कुनै पनि बैठकलगायत कामकारबाहीमा राखेपमा आबद्ध संघ तथा संस्थानलाई सहभागी नहुन निर्देशन दिएको छ। यसका लागि राखेपले सार्वजनिक सूचना जारी गर्ने भएको छ। 'अवैधानिक रूपमा निर्वाचन गरेको एनओसीको कुनै पनि बैठकमा सहभागी नहुन सम्बन्धित संघ तथा महासंघहरूलाई सार्वजनिक रूपमै सूचित गरिनेछ,' राखेपले जनाएको छ, 'अदालतबाट भएको अन्तरिम आदेश कार्यान्वयनका लागि पटक-पटक परिषद्बाट जारी भएको निर्देशनको उल्लंघन गरेको निर्वाचनसम्बन्धी प्रक्रियालाई कानुनसम्मत मान्न सकिनेछैन।'

गत मंसिरमा एनओसीको दुई कार्यकाल अध्यक्ष भइसकेका जीवनराम श्रेष्ठले तेस्रो कार्यकाल अध्यक्ष बन्न पाउने गरी विधान संशोधन गरेका थिए। त्यसपछि उनी तेस्रो कार्यकालका लागि अध्यक्ष निर्वाचित भएका थिए। श्रेष्ठविरुद्ध अदालतमा मानहानिको मुद्दा दायर भएको छ। उच्च अदालत पाटन तथा सर्वोच्च अदालतले समेत साधारणसभा रोक्न अन्तरिम आदेश दिएका थिए। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी र ओलम्पिक काउन्सिल अफ एसियाले पनि एनओसीको निर्वाचनलाई मान्यता दिइनसकेको जनाइसकेका छन्। यी दुवै प्रमुख अन्तर्राष्ट्रिय संस्थाले आपसी समझदारीमा विवाद सुल्झाउन निर्देशन दिएका छन्। निर्वाचनमा २० वटा राष्ट्रिय संघले भाग लिएका थिए।

पाँचजनाले बुझ्काए झुटो विवरण

अखिल नेपाल टेबुलटेनिस संघको नामबाट प्रतिनिधित्व गरेका चतुरानन्द राजवैद्य, नेपाल उसु महासंघबाट लाक्पा छिरिङ लामा, नेपाल पौडी संघबाट अशोकरत्न बज्राचार्य, नेपाल कुस्ती संघबाट समिम मियाँ अन्सारी र नेपाल ह्यान्डबलबाट तेजबहादुर गुरुङले एनओसी निर्वाचनमा सहभागी हुन झुटो विवरण बुझाएको राखेपले जनाएको छ। राखेपले झुटो विवरण पेस गरेका पाँचजनालाई कारबाही प्रक्रिया अघि बढाउने निर्णय गरेको छ। 'झुटो विवरण बुझाएर निर्वाचनमा सहभागी भएकालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ र १६ बमोजिमको कारबाहीका लागि सम्बन्धित निकायलाई सिफारिस गरिनेछ,' घिसिङले भने।

भलिबल छाडेर अस्ट्रेलिया गइन् स्पाइकर सरस्वती

पोखरामा आयोजित पाँचौं टाइगर कपमा सहभागी हुन नेपाल आएकी राष्ट्रिय महिला टोलीकी स्पाइकर सरस्वती चौधरी एपिएफ क्लबबाट राजीनामा दिँदै लागिन् अस्ट्रेलिया



नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला भलिबल टोलीकी प्रमुख स्पाइकर सरस्वती चौधरी अध्ययनका लागि अस्ट्रेलिया गएकी छिन्। बिहीबार अस्ट्रेलिया जानुअघि चौधरीले आफू आबद्ध नेपाल एपिएफ क्लबबाट राजीनामा दिएकी थिइन्। एपिएफले उनको राजीनामा स्वीकृत गरेको छ। यसैबिच एपिएफले उनको बिदाइ पनि गरेको छ।

नेपाली समुदायले आयोजना गरेको एक भलिबल प्रतियोगितामा सहभागी हुन उनी अस्ट्रेलिया पुगेकी थिइन्। त्यसवेला उनी बिदा लिएर गएकी थिइन्। यसपटक भने अध्ययनको सिलसिलामा अस्ट्रेलिया जान लागेको जानकारी दिँदै राजीनामा दिएकी हुन्।

चौधरीले नेपालले सहभागिता जनाउने अन्तर्राष्ट्रियस्तरको भलिबल प्रतियोगितामा सहभागी हुन आउने बताएकी छिन्। साथै, एपिएफले भाग लिने प्रतियोगितामा आफू उपलब्ध हुने उनको भनाइ छ। 'आवश्यक परे नेपाल र एपिएफबाट खेल्न आउनेछु,' चौधरीले भनेकी छिन्, 'अस्ट्रेलियामा केही दिनपछि कलेज सुरु हुनेछ। त्यहाँ भर्नाको प्रक्रिया अगाडि बढाउनुपर्छ।' टाइगर कपमा भाग लिन उनी डेढ साताअघि नेपाल आएकी थिइन्। उनले एपिएफबाट टाइगर कपमा प्रतिस्पर्धा गरेकी थिइन्। एपिएफ फाइनलमा आयोजक टाइगर ग्रुपसँग पराजित भएको थियो। सन् २०१३ मा चौधरीले राष्ट्रिय महिला टोलीमा डेब्यु गरेकी थिइन्। उनले १२ वर्ष विभागीय टोली एपिएफबाट प्रतिस्पर्धा गरेकी छिन्। उनले पछिल्लोपटक गत साउतमा काठमाडौंमै भएको काभा नेसन्स लिगमा प्रतिस्पर्धा गरेकी थिइन्।

■ सागमा जितेकी थिइन् रजत

सन् २०१९ मा नेपालमै आयोजना भएको १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)अन्तर्गत महिला भलिबलमा नेपालले रजत जितेको थियो। नेपालले स्वर्ण पदक भिडन्तमा प्रतिद्वन्द्वी भारतमाथि लगातार दुई सेट जितेको थियो। त्यसवेला नेपाली महिला भलिबल टोली ऐतिहासिक स्वर्णनजिक थियो। तर, भारतले उत्कृष्ट प्रदर्शन गरी लगातार तीन सेट जित्दा नेपालले अवसर गुमाएको थियो। १३औं सागमा स्पाइकर चौधरीले उत्कृष्ट प्रदर्शन गरेकी थिइन्। महिला भलिबलले पछिल्लो समयमा पाएका उत्कृष्ट खेलाडीमध्ये उनी पनि एक हुन्। नेपालले दुईपटक एभिसी सेन्ट्रल जोनमा स्वर्ण पदक जित्दा उनले प्रमुख भूमिका निर्वाह गरेकी थिइन्। गत साउनमा नेपाल पुलिस क्लबले काभा क्लब च्याम्पियन्सिपमा जित्दा पनि उनको योगदान महत्त्वपूर्ण मानिएको थियो।

एपिएफबाट खेल्दा उनले राष्ट्रियस्तरका लगभग सबै प्रतियोगिता जितेकी थिइन्। उनले प्रारम्भिक भलिबलको प्रशिक्षण पोखरा फिस्टेल एकेडेमीबाट लिएकी हुन्।

■ भलिबल खेलाडीहरूको रोजाइ पनि अस्ट्रेलिया

विभिन्न खेलका राष्ट्रियस्तरका नेपाली खेलाडी अस्ट्रेलिया भासिने क्रम रोकिएको छैन। अस्ट्रेलिया पलायन हुने पछिल्लो उदाहरण भलिबलकी चौधरी बनेकी छिन्। दुई वर्षको अवधिमा क्रिकेट र फुटबलका राष्ट्रियस्तरका खेलाडी त्यतै पुगेका छन्। साथै, कराँते र तेक्वान्दोका दर्जनौं खेलाडीको पहिलो रोजाइ पनि अस्ट्रेलिया बनेको छ। फुटबलका लगभग चार दर्जन खेलाडी अस्ट्रेलियाका विभिन्न सहरमा छन्।

अब भलिबल खेलाडीले पनि अस्ट्रेलिया रोजेको देखिन्छन्। राष्ट्रिय पुरुष भलिबल टोली तथा त्रिभुवन आर्मीका कप्तान मानबहादुर श्रेष्ठ केही समयअघि अस्ट्रेलिया पुगेका थिए। नेपालको घरेलु तथा राष्ट्रिय टोलीकै प्रमुख खेलाडी मानिने प्रतिभा माली र पुरुष खेलाडी रविन चन्द पनि त्यतै पलायन भएका छन्।

एन्फा वरिष्ठ उपाध्यक्षमाथि कारबाही माग

नयाँ पत्रिका

१० वटा 'सी' डिभिजन क्लबले नेपाल फुटबल संघ (एन्फा)का वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कालाई कारबाही गर्नुपर्ने माग राखेका छन्। गत जेठमा भएको सहिद स्मारक 'सी' डिभिजन लिगमा म्याच फिक्सिङबारे अभिव्यक्ति दिएको भन्दै ती क्लबका अध्यक्षले बिहीबार एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङलाई निवेदन दिएका हुन्। खड्काको अभिव्यक्तिपछि एएफसी र फिफाले समेत म्याच फिक्सिङबारे चासो राखेका छन्।

'सी' डिभिजनका महावीर, खालीबारी युवा फुटबल, झम्सीखेल युथ, स्वयम्भू, मनोहरा युनाइटेड, पुल्चोक स्पोर्टस्, स्पोर्टस् एकेडेमी साँगा, समाज कल्याण खेलकुद केन्द्र, सानेपा र सामाजिक युथका अध्यक्षले वरिष्ठ उपाध्यक्ष खड्कालाई कारबाही गर्न माग राखेका हुन्। खालीबारीका सञ्जीव पाण्डे, पुल्चोकका रवीन्द्र जोशी, सामाजिकका नवीन महर्जन एन्फाका कर्मचारी हुन्। एन्फा कार्यसमिति सदस्य पुरुषोत्तम थापा भम्सीखेलका प्रतिनिधि हुन्। 'उपाध्यक्ष खड्काको अभिव्यक्तिप्रति गम्भीर ध्यानाकर्षण भएको छ। 'सी' डिभिजन खेल्ने क्लबको गरिमामा असर परेको छ,' पत्रमा भनिएको छ। गत जेठमा भएको 'सी' डिभिजन लिगमा १४ क्लबले भाग लिएका थिए। सर्लाहीको बागमती क्लबले उपाधि जितेको थियो।

अध्यक्ष र महासचिवविरुद्ध बोल्दा कारबाही

एन्फा उपाध्यक्ष दावा लामाको खैरो हेरोइन प्रकरणमा अभिव्यक्ति दिँदा अध्यक्ष नेम्वाङ र महासचिव किरण राईले आफूमाथि उल्टो आरोप लगाएको दाबी खड्काले गरेका छन्। 'लिग गर्रौं वा अर्ली इलेक्सन गर्रौं भनेको थिएँ। उपाध्यक्ष दावाको खैरो हेरोइन प्रकरणलाई खेलकुद मन्त्रालय र राखेपसम्म पुऱ्याएँ,' खड्काले भने, 'अध्यक्ष र महासचिवविरुद्ध बोल्दा अहिले कारबाही गर्ने षड्यन्त्र भइरहेको छ।'

खेल संक्षेप

अत्तरिया अन्तिम चारमा

धनगढी/ दशरथ चन्द एकेडेमी बैतडीले क्रिकेट एक्सलेन्स सेन्टर काठमाडौंलाई १६ रनले हराएपछि सिवाइसी अत्तरिया अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। समूह 'ए'बाट फ्रेन्ड्स क्लब डडेल्धुरा र डिसिए धनगढी यसअघि नै अन्तिम चारमा प्रवेश गरिसकेका छन्। दशरथ चन्दले अन्तिम चारमा पुग्ने सम्भावना जीवितै राखेको छ। बैतडीले दिएको १६१ रनको लक्ष्य पछ्याएको काठमाडौं १९.४ ओभरमा १४४ रनमा समेटियो। काठमाडौंका राज शाहले ३७, दीपेन्द्र रावतले ३२ तथा शुभ कंसाकारले २६ रन बनाए। बैतडीका सालुहुद्दिन खानले पाँच विकेट तथा दिवान पुनले तीन विकेट लिए। फाप्ला मैदानमा पहिलो ब्याटिङ गरेको बैतडीले २० ओभरमा आठ विकेटको क्षतिमा १६० रन बनाएको थियो। बैतडीका लागि दिवान पुनले ४३ र वसन्त खत्रीले ३२ रन जोडे। काठमाडौंका दीपेन्द्र रावत र सुर्य तामाङले समान दुई विकेट लिए।

सडन डेथमा चर्च ब्वाइज भाग्यमानी

कास्की/ न्युरोड टिम (एनआरटी) अग्रता जोगाउन नसक्दा २४औं आहाराराे पोखरा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलबाट बाहिरिएको छ। बिहीबार पोखरा रंगशालामा भएको सेमिफाइनलमा चर्च ब्वाइज क्लबले सडन डेथमा एनआरटीलाई ६-५ ले स्तब्ध पार्दै क्वार्टरफाइनलमा स्थान पक्का गरेको हो। चर्च ब्वाइजले २८ माघमा सेमिफाइनल प्रवेशका लागि साबिक विजेता त्रिभुवन आर्मी क्लबको सामना गर्नेछ। निर्धारित ९० तथा अतिरिक्त ३० मिनेटको समयमा चर्च ब्वाइज र एनआरटीले १-१ को बराबरी खेलेका थिए।

साबिक विजेता एनआरटी फाइनलमा

धरान/ साबिक विजेता न्युरोड टिम (एनआरटी) २५औं बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ। धरान रंगशालामा बिहीबार भारतको युनाइटेड कर्साङ फुटबल क्लब (युकेएफसी)लाई ३-१ ले हराउँदै एनआरटी उपाधिनजिक पुगेको हो। एनआरटी र 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज २६ माघमा उपाधिका लागि भिड्नेछन्। एनआरटीको जितमा प्रदीप बुढाथोकीले दुई गोल गरेका थिए।

प्रदेश सभा सचिवालय

सुदुरपश्चिम प्रदेश, धनगढी

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथमपटक प्रकाशित मिति : २०८१/१०/२५

चालु आ.व. ०८०/०८१ को स्विकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही उपसभामुख निवासमाथि प्रिफ्यावको भवन निर्माण कार्य सिलबन्दी दरभाउपत्रद्वारा गराउनुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म/व्यवसायीहरूबाट तपशिल बमोजिमको शर्तहरूको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न यो सुचना आव्हान गरिएको छ।

(१) ईच्छुक योग्य दरभाउपत्रदाताले मिति २०८१/११/०९ गते कार्यालय समयमा उपस्थित भई लिखित निवेदन, आ.व. ०८०/०८१ को करचुक्ता प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र पछि फिर्ता नहुने गरी रु. १०००।- (एक हजार) को नगदी रसिद काटी यस सचिवालयबाट दरभाउपत्र सम्बन्धी कागजातहरू खरिद गर्न सक्नेछ।

(२) खरिद भएको दरभाउपत्र फाराममा भर्नुपर्ने सबै पानाहरूमा स्पष्टसँग भरी आपुर्तिकर्ता व्यवसायीहरूले प्रत्येक पानाहरूमा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको विवरण स्पष्टसँग लेखि यस सचिवालयलाई सम्बोधन गरी सिलबन्दी लाहाछाप गरी मिति २०८१/११/१० गते दिउसो १२:०० बजेभित्र यस सचिवालयमा दर्ता गरिसक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरभाउपत्रहरू उपर कुनै कारवाही हुनेछैन।

(३) जुन फर्मको नामबाट दरभाउपत्र खरिद भएको हो सोही फर्मको नामबाट दरभाउपत्र दर्ता गराउनु पर्नेछ। एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दर्ता गर्न पाईने छैन।

(४) दरभाउपत्र अंक र अक्षरमा केरमेट नगरी स्पष्ट लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

(५) दर्ता हुन आएका दरभाउपत्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू र सचिवालयका प्रतिनिधिहरूको रोहवरमा मिति २०८१/११/१० गते दिउसो १४:०० बजे यस सचिवालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

(६) सिलबन्दी दरभाउपत्रको मान्य अवधी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ।

(७) दरभाउपत्र दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेको खण्डमा उक्त कार्यहरू बिदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

(८) दरभाउपत्र फाराम साथ जमानत बापत तोकिएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय कैलालीको धरौटी खाता नं. ४१७०१००२०२०३०००० मा जम्मा गरि सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस सचिवालयको नाममा जारी गरिएको कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत पत्र सिलबन्दी दरभाउपत्र साथ पेश गरेको हुनु पर्नेछ।

(९) प्राप्त हुन आएका दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस सचिवालयमा सुरक्षित रहनेछ।

(१०) अन्य आवश्यक कुराहरूमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

(११) यस सम्बन्धी अन्य कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस सचिवालयका सूचना अधिकारी श्री युवराज जैशी (९८४८६८९७८४) लाई सम्पर्क गरी बुझ्न सकिनेछ।

सि.नं.	ठेक्का नं.	कामको विवरण	लागत अनुमान	जमानत
1	PAS/WORKS/ SQ/2081/082-01	UPASABHAMUKH NIWAS TRUSS PREFAB construction Work	Rs . 1995302.61	Rs. 55000.00

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible Individuals/ Taxi operators/ Vehicle service provider/Tour & Travel agencies/firms of Nepal, as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PPR-201/2025	Hiring of one nos. (01) Toyota Prado (4 WD, AC, TX Model (Year) 2021 onwards, for SAPDC at Tumlingtar, for a period of Two (02) Years.	06.02.2025	**Submission:** at (Tumlingtar Office) 27.02.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 27.02.2025 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np & http://sjvn.nic.in/tender.htm**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
Arun-3 HEP,Tumlingtar.
Tel.: +977-29-575154
e-mail: **pnc.sapdc@sjvn.nic.in**

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com